मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ५६ ★ ने. सं. ११४६ चौला थ्व, द्वितीया ★ शुक्रबार ★ ६ चैत, २०८२ ★ March 20, 2026, Friday ★ मूल्य रु.५।– ★ पृष्ठ ८




भारतको राजधानी नयाँ दिल्लीमा किसानहरूको कृषि उपजको न्यूनतम समर्थन मूल्य (एमएसपी) लागू गर्न, किसानहरूको कृषि ऋण मिनाहालगायत विभिन्न माग राखी धर्नामा बसेका भारतीय किसानहरू मार्च १९, २०२६ का दिन । नरेन्द्र मोदी नेतृत्वको भाजपा सरकारले किसानहरूलाई धोखा दिएको आरोप पनि प्रदर्शनकारी किसानहरूले लगाएका छन् ।

*तस्बिर : एपी/मनिष स्वरुप*

## प्राप्त मत या सीटको आधारमा सिद्धान्त गलत या सही नहुने

काठमाडौँ, ५ चैत । गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचन न पहिलो हो न त अन्तिम नै हो । २०१५ सालदेखि हालसम्म भएको निर्वाचनमा विभिन्न राजनीतिक दलले प्राप्त गरेको मतमा धेरै उतारचढाव भयो । यस अवधिमा कहिले नेका, कहिले एमाले, कहिले माओवादी त कहिले कुन दलले प्रतिनिधिसभामा बढी सीट ल्याए । हालै भएको निर्वाचनमा नेका, एमाले र माओवादीसमेतको संयुक्त दल नेपाली कम्युनिस्ट पार्टीको धेरै सीट गुम्यो । यसरी प्रतिनिधिसभाको सीटमा हेरफेर हुनु अस्वाभाविक होइन । तर, सीटमा हेरफेर भयो भनेर दलको सिद्धान्त र विचारमा हेरफेर हुँदैन । सङ्घर्ष, अनुभवबाट बनेको सिद्धान्त र विचार पुरानो हुँदैन । सिद्धान्त र विचारलाई व्यवहारमा लागू गर्न नसक्नु, जनतामाझ लान नसक्नु दलको आफ्नो कमी कमजोरी होला । दलका नेताहरूको कमजोरीको मूल्याङ्कन गरेर सिद्धान्त र विचार काम लाग्दैन र पुरानो भयो भन्नु दृष्टिदोष हो ।

निर्वाचनमा सीट हेरफेर भएको आधारमा दक्षिण एसियामा कम्युनिस्टहरू खिइँदै छन् भनी विश्लेषण गर्नु मनासिब हुँदैन । बरू, कति कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार प्रचार गरेन; सिद्धान्त र विचारअनुसार काम गरेन । कति पार्टीको नाम कम्युनिस्ट भए पनि व्यवहारमा पुँजीवादी पार्टीको रूपमा देखिए । कतिले कम्युनिस्ट पार्टीलाई धोका दिए । कतिले क्रान्तिकारी बाटो छोडे । यो यथार्थ हो । यसको अर्थ कम्युनिस्ट पार्टी व्यर्थ भयो, कम्युनिस्ट पार्टी पतन भयो भन्ने होइन । कम्युनिस्ट पार्टीलाई बदनाम गर्ने, कम्युनिस्ट पार्टीलाई कमजोर बनाउने काम साम्राज्यवादी, विस्तारवादी र पुँजीवादी दलहरूले गरिरहन्छन् । कम्युनिस्ट पार्टीले पनि साम्राज्यवादी, विस्तारवादी र पुँजीवादीहरूको विरोध गर्छ । वर्गीय समाजमा वर्गसङ्घर्ष स्वाभाविक छ ।

सिद्धान्त र विचारको आधारमा कुन दलले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने थाहा हुन्छ । कति दलहरू आफूलाई कम्युनिस्ट स्वीकार्छन् तर पुँजीपतिवर्गको पक्षमा राजनीति गर्छन् या पुँजीवादी व्यवस्थाभित्र रहेर पुँजीपतिवर्गकै पक्षपोषण गर्छन् । सामन्तवादी व्यवस्थामा सामन्तवर्गको, पुँजीवादी व्यवस्थामा पुँजीपतिवर्गको र समाजवादी व्यवस्थामा श्रमजीवीवर्गको प्रतिनिधित्व हुन्छ । प्राप्त सीट सङ्ख्याको आधारमा कुनै दलको सिद्धान्त र विचार ठीक र बेठीक हुन्छ भन्ने होइन । दलको सिद्धान्त र विचार राम्रै भए पनि सुरू सुरूमा ती दलले प्राप्त गरेको सांसदको सीट सङ्ख्या कमै हुन्छ । कुनै बेला धेरै सीट जितेर पनि अर्को बेला कममात्र सीट जितेको हुन्छ । सीट बढी जित्दा सिद्धान्त र विचार सही हुने र कम जित्दा सिद्धान्त र विचार नमिल्ने भन्ने कुरा आउँदैन । अमेरिकामा पनि पालैपालो सरकारको हेरफेर भयो । धेरै सीट जित्दा राम्रो र हार्दा नराम्रो हुने होइन । विगतमा रास्वपाको सीट थोरै थियो, अहिले धेरै भयो । के रास्वपाको विचार हिजो गलत र आज सही भएको भन्न मिल्छ ?

बरू, देशका हरेक कम्युनिस्ट पार्टीले देशको परिस्थितिबारे सही विश्लेषण गर्दै नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीले निर्वाह गर्दै आएको भूमिकाबारे समीक्षा गर्नुपर्छ; आत्मसमीक्षा गर्नुपर्छ । कम्युनिस्ट पार्टीहरू सरकारमा गएर के के कमजोरी भयो ? कम्युनिस्ट पार्टीको सरकारले गर्न नहुने काम के के गर्‍यो ? कम्युनिस्ट पार्टी सरकारमा जानु उचित कि अनुचित भन्नेबारे बहस गर्नुपर्थ्यो । नेपालको सन्दर्भमा कम्युनिस्ट पार्टीले गर्नुपर्ने काम के हो ? के गर्न सकेको छैन र गरिरहेको काम कति गलत या सही हो ? त्यसबारे

*बाँकी पृष्ठ ८ मा*

## नेपाली मजदुर नयाँ सरकारबाट स्वेदशमै रोजगारीको आशा राख्छन्

**– शेरबहादुर सिंह**

नैनीताल (भारत), ५ चैत । दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ५२ वर्षीय भवानीप्रसाद रेग्मी बुधबार भारतको उत्तराखण्ड राज्यको पर्यटकीय नगरी नैनीतालमा भारी बोक्दै गरेको अवस्थामा भेटिनुभयो । तीन दशकदेखि नैनीतालमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका रेग्मीले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट बन्ने सरकारले मजदुर वर्गको उत्थान गर्ला कि भन्ने अपेक्षा गर्नुभएको रहेछ ।


रेग्मीले भन्नुभयो, “हुनेखानेका लागि नैनीताल पर्यटकीय गन्तव्य हो, यहाँ गर्मी छल्न धेरै ठाउँका मानिस आउने गर्छन् । हामीजस्ता गरिबको गुजारा गर्ने ठाउँ पनि नैनीताल नै हो । जेन-जी आन्दोलनपछि मुलुकमा सुशासनका लागि भएको परिर्वतनले देशभित्र रोजगारीका अवसर प्राप्त हुने आशा गरेको छु ।” दिनभरि भारी बोकेर साँझ सात सय भारतीय रूपैयाँ ज्याला पाउने गरेको उहाँले बताउनुभयो ।

रेग्मी एक उदाहरण मात्र हुन् । उहाँजस्ता धेरै नेपाली मजदुर लामो समयदेखि नैनीतालमा ज्यालादारी गर्दै आएका छन् । उनीहरू अब गठन हुने सरकारले देशमै रोजगारी दिने आशामा छन् । दैलेखका ६५ वर्षीय बमबहादुर ठकुरीले भन्नुभयो, “युवाले देश चलाउने खबरले खुसी छौँ र युवा पुस्ताले देशभित्रै काम गर्ने वातावरण पाऊन् भन्ने आशा छ । देशभित्र स्मृद्धिको वातावरण बनाउन सबै पार्टी एकजुट हुनुपर्छ ।” विगत बीस वर्षदेखि नैनीतालमा काम गर्दै आएका ठकुरीले यहाँको आम्दानीले घरखर्च चलिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “नैनीताल आउजाउ गर्न थालेको बीस वर्ष भयो । नैनीताल क्षेत्रमा मात्रै एक हजार बढी नेपाली ज्याला मजदुरी गर्छन् ।”

त्यसैगरी कालीकोटको नरहरिनाथ गाउँपालिकाका ७५ वर्षीय पदमबहादुर विष्ट दैनिकजसो नैनीतालमा फलफूल र तरकारीका भारी बोक्नुहुन्छ । विष्ट पहिलो पटक ज्याला मजदुरी गर्न २०५२ सालमा नैनीताल आउनुभएको थियो ।

विष्टले भन्नुभयो, “नेपालमा पनि सामाजिक सुरक्षा भत्ता पाउँछु । तर, त्यही भत्ताले मात्र घर चलाउन पुग्दैन । फलफूलको भारी बोकेर यहाँ पनि दैनिक एक हजार जति कमाइरहेको छु ।”

यहाँ बाध्यताले मजदुरी गर्न आउने अधिकांशलाई थाहा छ, युवाशक्ति श्रम गर्न भारतलगायत तेस्रो मुलुकमा गएर आफ्नो देशको विकास हुदैन । तर के गर्ने जीविकाका लागि भए पनि देश छोड्नै पर्ने बाध्यताले उनीहरू वर्षौँदेखि दोस्रो या तेस्रो मुलुकमा पसिना बगाउन बाध्य छन् । उनीहरू सबैको एउटै आवाज छ, “मुलुकको अवस्था परिर्वतनका लागि राज्यले मुलुकभित्रै युवा जनशक्तिलाई रोजगार दिन सक्नुपर्छ ।” ***रासस***




पिनासका लक्षणहरु:
❖ नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
❖ आँखाको अगाडी र तलको भाग दुख्नु,
❖ नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
❖ विहानको समयमा टाउको बढी दुख्नु,
❖ सुँघ्ने शक्ति कमजोर हुनु,
❖ नाकबाट बाक्लो, पहेँलो सिँगान बग्नु,
❖ थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।
लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



**कमलपोखरी**
काठमाडौँ महानगरपालिका-१ मा अवस्थित प्रसिद्ध धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको पर्यटकीय स्थल कमलपोखरी । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# राससको सम्पादकमण्डल पुनर्गठन

काठमाडौँ, ५ चैत । बिहीबारदेखि राष्ट्रिय समाचार समिति (रासस) को प्रधानसम्पादकमा शीतलप्रसाद महतोले जिम्मेवारी सम्हाल्नुभएको छ । राससको समाचार सेवालाई अझ बढी चुस्तदुरूस्त, व्यवस्थित, प्रभावकारी, गुणस्तरीय, परिणाममुखी र जवाफदेही बनाउन व्यवस्थापनले विभागीय जिम्मेवारी हेरफेर गरेको हो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाद्वारा यही चैत २ गते हस्ताक्षरित पत्रअनुसार अधिकृतस्तर दसौँ तहका महतोलाई सो जिम्मेवारीमा सरुवा गरिएको हो । यसअघि उहाँ प्रशासन प्रमुखको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

राससमा २०५६ सालदेखि स्थायी सेवा प्रवेश गर्नुभएका महतो लामो समयसम्म राससको तत्कालीन नारायणी अञ्चल कार्यालय, वीरगञ्जको प्रमुख तथा केन्द्रीय कार्यालयको समाचार सङ्कलन र सम्पादन शाखामा रही काम गरिसक्नुभएको अनुभव छ । उहाँ नेपाल पत्रकार महासङ्घका केन्द्रीय पूर्वसचिवसमेत भइसक्नुभएको छ ।

**प्रबन्ध सम्पादकमा सिल्वाल, प्रमुख समाचारदातामा पाठक**

यसअघिका प्रधानसम्पादक उत्तम सिल्काललाई प्रबन्ध सम्पादकको जिम्मेवारी दिइएको छ । सिल्वालसँग प्रमुख समाचारदाता र प्रशासन प्रमुखको अनुभव छ । राससको संशोधित विनियमावली, २०८२ ले सो प्रबन्ध सम्पादक पदको नयाँ व्यवस्था गरेको छ ।

यसैगरी प्रमुख समाचारदातामा समाचार महाशाखाका उपप्रमुख एकराज पाठकलाई जिम्मेवारी दिइएको छ । पाठक यसअघि प्रधानसम्पादक र प्रमुख समाचारदाता भइसक्नुभएको छ ।

**खोजमूलक समाचार र 'पोडकाष्ट' संयोजकमा न्यौपाने**

हालसम्म प्रमुख समाचारदाता रहनुभएका नारायणप्रसाद न्यौपानेलाई खोजमूलक समाचार र 'पोडकाष्ट' संयोजकको जिम्मेवारी दिइएको छ । उहाँले यसअघि समाचार सङ्कलन शाखाको उपप्रमुख र निमित्त प्रमुखको भूमिकामा पनि काम गर्नुभएको छ । उहाँहरू सबैले बिहीबारदेखि नयाँ जिम्मेवारी सम्हाल्नुभएको छ । नयाँ जिम्मेवारी प्राप्त विभागीय प्रमुखलाई महाप्रबन्धक सन्दीप राईले पदस्थापन गराउँदै बधाई दिनुभएको छ । ***रासस***

# वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु

\- प्रकाश सिलवाल

काठमाडौँ, ५ चैत । 'सीमित सिटका लागि भर्ना खुलेको छ, विद्यालयबाट फारम वितरण भइरहेकाले लिन सक्नुहुनेछ ।' यस्ता सूचना र विज्ञापन आजभोलि निजी विद्यालयका वेबसाइट र सूचनापाटीमा देख्न सकिन्छ । वार्षिक परीक्षा सम्पन्न नहुँदै काठमाडौँ उपत्यकालगायत विभिन्न क्षेत्रका अधिकांश निजी विद्यालयले शिक्षा नियमावलीविपरीत नयाँ शैक्षिकसत्र, २०८३ का लागि भर्ना प्रक्रिया सुरु गरेका हुन् ।

नियमविपरीत भर्ना सुरु गर्ने क्रम यसअघिका वर्षमा पनि हुँदै आएका थिए । सङ्घीय र स्थानीय सरकारले नियमावलीलाई पालना गरेर हरेक वैशाखमा मात्रै भर्ना खोल्न आग्रह गर्दै आए पनि निजी (संस्थागत) विद्यालयले यसको निरन्तर उल्लङ्घन गर्दै आएका छन् ।

उदाहरणका लागि काठमाडौँको ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कूल र ललितपुरको हात्तीवनस्थित लिटिल एन्जल्स स्कूलले चैत महिनाभरि कक्षा एकदेखि आठसम्मका लागि भर्ना प्रक्रिया सुरु हुनेबारे सूचना जारी गरेका छन् । काठमाडौँको बुद्धनगरस्थित रोजबर्ड स्कूलले कक्षा १ देखि ६ सम्मका लागि भर्ना फारम वितरण गरेको छ । भक्तपुरको माउन्ट एभरेष्ट स्कूलले पनि भर्ना खुल्ला भइसकेको सूचना राखेको छ । यस्ता उदाहरण बर्गेल्ती भेटिन्छन् । खासगरी नयाँ भर्ना गर्ने विद्यार्थीका लागि फारम भराउने र प्रवेश परीक्षा लिने काम अधिकांश निजी विद्यालयले चैतको तेस्रो साताभित्र सकाउने गरी आन्तरिक कार्यतालिका बनाएका छन् ।

शिक्षा नियमावली (दशौँ संशोधन), २०७७ को दफा ७८ (ग) मा वार्षिक परीक्षाको लब्धाङ्कपत्र र स्थानान्तरण प्रमाणपत्र प्राप्त भएपछि मात्रै भर्ना प्रक्रिया सुरु गर्नुपर्ने प्रबन्ध गरिएको छ । काठमाडौँ महानगरका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ ले पनि सङ्घीय ऐन, नियमबमोजिम विद्यार्थी भर्ना, शुल्क, वार्षिक परीक्षालगायत विषयमा स्पष्ट पारेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय तहको सञ्चालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र रहेको सन्दर्भमा ऐन, नियमको पालनाका लागि कुनै जटिलता आएमा केन्द्र सरकारले चासो राख्ने बताउनुभयो ।

काठमाडौँ महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले नयाँ शैक्षिकसत्रको भर्नाका लागि कानुनी रूपमा वैशाखमा समय निर्धारण गरिएको जनाउँदै त्यसअघि औपचारिक रूपमाविद्यार्थीलाई भर्ना लिन नमिल्ने बताउनुभयो । "नियमले वार्षिक परीक्षा र परीक्षाफल प्रकाशन नगरी भर्ना लिन भन्दैन । परीक्षा र परीक्षाफल प्रकाशन चैतभरि हुन्छ । त्यसपछि भर्ना प्रक्रिया सुरु हुन्छ," उहाँले भन्नुभयो ।

प्रमुख ढकालले औपचारिक रूपमा नमिल्ने भर्ना प्रक्रिया सञ्चालन गर्न निजी विद्यालय र अभिभावक दुवै पक्षको समझदारी देखिएको बताउनुभयो । नियमविपरीत भर्ना गरिएको भन्ने औपचारिक गुनासो आएमा अनुगमन गरी कारबाही गरिने उहाँले जानकारी दिनुभयो ।

हाल काठमाडौँ महानगरपालिकामा ६७४ संस्थागत ( निजी) र ८७ सामुदायिक (सरकारी) विद्यालय सञ्चालित छन् । आधारभूत शिक्षा (कक्षा ८) को नगरस्तरीय परीक्षा सञ्चालन हुन थालेकाले आफूले भर्नाका विषयमा सबै विद्यालयमा अनुगमन गर्न भने नभ्याउने महानगरपालिकाको भनाइ छ ।

महानगरअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिकसत्र, २०८२ को आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा तोकिएका ५७ विद्यालयमा बिहीबारदेखि सुरु भई यही चैत १२ गतेसम्म सञ्चालन हुँदैछ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का महासचिव आरबी कटवालले केही विद्यालयले आन्तरिकरूपमा त्यस्ता गतिविधि सञ्चालन गरेको हुनसक्ने सम्भावना नकार्न नसकिने भन्दै यसबारे औपचारिक वा प्रमाणिक जानकारी आफूहरूसँग आइनपुगेको बताउनुभयो ।

"प्याब्सनको स्पष्ट धारणा भनेको सधैँ जस्तै, शैक्षिक सत्र औपचारिक रूपमा समाप्त भई अन्तिम नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्ने भन्ने हो । यससम्बन्धमा आवश्यक कार्यक्रम तथा कार्यतालिका पनि सोही अनुसार तय गरिन्छ," महासचिव कटवालले भन्नुभयो, "यसले शिक्षा नियमावली र पालिकाहरूले जारी गरेका निर्देशनलाई पूर्ण रूपमा समेट्ने र सम्मान गर्ने हाम्रो प्रतिबद्धतालाई पनि प्रतिविम्बित गर्दछ ।"

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (नेसनल प्याब्सन) का अध्यक्ष गीता राणा क्षेत्रीले भर्ना प्रक्रिया सुरु भए पनि पूर्ण भर्ना भने वार्षिक परीक्षा सकिएर लब्धाङ्कपत्र दिएपछि मात्रै हुने जानकारी दिनुभयो । उहाँले सामुदायिक विद्यालयमा वैशाखभरि भर्ना गर्ने प्रक्रिया रहने भन्दै निजी विद्यालयका विद्यार्थी र अभिभावकको चाहनाबमोजिम वैशाखाको पहिलो सातादेखि कक्षा सञ्चालन गरिँदै आइएको जनाउनुभयो ।

सो एसोसिएसनले नयाँ शैक्षिकसत्र हरेक वैशाखमा आरम्भ भई चैतमा सम्पन्न हुने विद्यमान व्यवस्था अनुसार नियमित पठनपाठन र पाठ्यक्रम पूरा गर्न सहज नहुने विषयमा महानगरपालिकाको ध्यानाकर्षण गराएको थियो ।

नयाँ शैक्षिकसत्र लागेपछि मात्रै भर्ना गराउने भन्ने पालिकाको सूचनाले शैक्षिककसत्रको व्यवस्थापनमा असहजता हुने भएकाले वैशाख अगावैदेखि भर्ना प्रक्रिया सुरु गर्न सहजीकरण गरियोस् भन्ने नेसनल प्याब्सनको माग रहेको छ ।

नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले सामुदायिक र निजी विद्यालयमा फरकफरक मितिमा भर्ना हुने खालको अवस्था अन्त्य हुन नसकेको बताउँदै एकरूपताका लागि केन्द्र र स्थानीय सरकारको प्रभावकारी नीति र अनुगमन हुनुपर्नेमा जोड दिनुभयो । "निजी विद्यालयमा चैतमा भर्ना सुरु भइसक्यो । सरकारीमा वैशाख २ गतेदेखि भर्ना अभियान सुरु हुन्छ । वैशाखदेखि भनेर शैक्षिकसत्र तोकिएपछि त्यसको पालना हुनुपर्ने हो । यसलाई पालिका अनुसार वा विद्यालयको प्रकार अनुसार खुल्ला छोड्ने वा के गर्ने अब आउने सरकारले स्पष्ट नीति ल्याउला कि भन्ने आशा गरेका छौँ ।" ***रासस***

# ग्यास पसलमा अनुगमन




भक्तपुर, ५ चैत । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा ब्यासीदेखि कमलविनायक हुँदै लान्चाफल्चासम्म रहेका ग्यास पसलहरूमा बिहीबार बजार अनुगमन भयो ।

अनुगमनमा अधिकांश पसलहरू नगरपालिकामा दर्ता नवीकरण नगरी सञ्चालन गरेको, किराना र भाँडाकुँडा पसलमा दर्ता गरी ग्यास बेचिरहेको देखियो । म्याद सकेको ग्यास सिलिन्डर नराख्न, ग्यास भरेको सिलिन्डर लुकाएर अभाव सृजना गरी महँगोमा नबेच्न र ग्राहकहरूको सूची राखी वितरण गर्न, अति आवश्यक ग्राहकलाई कम्पनी फरक भए पनि ग्यास वितरण गर्न र पेटीमा ग्यास सिलिन्डर नराख्न टोलीले सुझाव दिएको बुझिएको छ ।

महाकाली ग्यास सप्लायर्स, श्री महालक्ष्मी ग्यास पसल, नगाँचा ग्यास पसल नवीकरण गर्न आग्रह गरिएको छ । न्यू प्रजापति इन्टरप्राइजेज भाँडाकुँडा पसलझैँ ग्यास पसल पनि दर्ता गर्न, साखकर्मी किराना पसलमा ग्यास पसल दर्ता गर्न र जय श्री महालक्ष्मी ग्यास सप्लायर्स नवीकरण गर्न आग्रह गरिएको छ ।

अनुगमन समितिमा वडा सदस्य रोशनमैयाँ सुवाल, भनपा श्यानिटेसन उपशाखा प्रमुख दिलिपकुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका प्रभाषकुमार चालिसे, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक तेजप्रसाद खतिवडा, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, भक्तपुर उद्योग वाणिज्य सङ्घका राजेश त्वानाबासु, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, वाणिज्य तथा उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुलाको सहभागिता थियो ।

# जुम्लामा एक हजार २७७ किशोरीलाई एचपीभी खोप दिइने

जुम्ला, ५ चैत । जिल्लामा लक्षित समूहका एक हजार २७७ जना किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सर रोकथामका लागि ह्युमन प्यापिलोमा भाइरस ( एचपीभी) विरुद्ध खोप दिने तयारी भएको छ । जिल्लास्थित जनस्वास्थ्य सेवा कार्यालयका अनुसार यही चैत ९ र १० गते दुई दिनसम्म जिल्लाभरका सबै स्थानीय तहमा खोप अभियान सञ्चालन गर्न लागिएको हो ।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत यहाँका आठ वटै स्थानीय तहका कक्षा ६ का एक हजार १६५ र विद्यालय नजाने १० वर्ष उमेरका ११२ गरी एक हजार २७७ जनालाई एचपीभी खोप दिने तयारी भएको जनस्वास्थ्य कार्यालयका प्रमुख किरणकुमार शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार खोप सञ्चालनका लागि ८४ वटा खोप केन्द्र कायम गरिएको छ ।

# कम्बोडियाबाट २० नेपालीको उद्धार

काठमाडौँ, ५ चैत । कम्बोडियामा अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएका र बिना भिसा बसिरहेका २० नेपालीलाई उद्धार गरी स्वेदश फर्काइएको छ ।

थाइल्यान्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी उनीहरूलाई बिहीबार स्वदेश फर्काइएको हो । विभिन्न व्यक्तिको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका 'अनलाइन स्क्यामिङ' केन्द्र र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका उनीहरूलाई अन्य गैरकानुनी काममासमेत लगाइएको थियो ।

कम्बोडियामा नेपाली नागरिकहरू अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाभिसा वा भिसा-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैको गुनासो आएको दूतावासले जनाएको छ ।

त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैङ्ककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ । कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा एक हजार ९७७, सन् २०२३ मा दुई हजार ९४०, सन् २०२४ मा छ हजार ४०४ तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्डलगायतका मुलुकमा भ्रमणको बहानामा वैदेशिक रोजगारीमा नआउन पनि राजदूतावासले सबैमा अनुरोध गरेको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# पौवादुङमा हावाहुरी पीडितलाई प्रतिपरिवार रु. २० हजार राहत उपलब्ध गराइने

भोजपुर, ५ चैत । भोजपुरको पौवादुङमा गाउँपालिकाले हालै आएको हावाहुरीका कारण क्षति बेहोरेका परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ । यही चैत २ गते बेलुका आएको हावाहुरीबाट प्रभावित घरपरिवारको स्थलगत अनुगमनपछि गाउँपालिकाले प्रतिपरिवार रु. २० हजारका दरले राहत वितरण गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रभावित परिवारको अवस्थालाई दृष्टिगत गर्दै स्थलगत निरीक्षणपछि प्रतिपरिवार रु. २० हजारका दरले राहत प्रदान गर्ने निर्णय गरिएको हो । अध्यक्ष राईले भन्नुभयो, "प्राकृतिक विपत्तिका कारण समस्यामा परेका नागरिकलाई तत्काल सहयोग पुर्‍याउनु हाम्रो दायित्व हो । क्षतिको विवरण सङ्कलनसँगै राहत वितरणलाई तीव्रता दिइएको छ ।"

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले हावाहुरीका कारण नौ परिवारका घरमा क्षति पुगेको बताउनुभयो । ती सबै परिवारलाई राहत उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो । हावाहुरीका कारण कच्ची तथा टिनका छाना भएका घरहरू बढी प्रभावित भएका छन् । ***रासस***

# मेची भन्सारद्वारा ११ अर्ब ५८ करोड राजस्व सङ्कलन

भद्रपुर (झापा), ५ चैत । मेची भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम आठ महिनामा रु. ११ अर्ब ५८ करोड छ लाख ३० हजार राजस्व सङ्कलन गरेको छ । यो सोही अवधिका लागि निर्धारण गरिएको लक्ष्यको ९६ दशमलव ०६ प्रतिशत हो । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईका अनुसार चालु आवको फागुन मसान्तसम्म रु. १२ अर्ब पाँच करोड ५८ लाख ६९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो । उहाँका अनुसार फागुन महिनामा मात्रै रु. एक अर्ब ६५ करोड ८० लाख चार हजार राजस्व सङ्कलन भएको छ । यो उक्त महिनाका लागि निर्धारण गरिएको लक्ष्यको ११० दशमलव २६ प्रतिशत हो ।

चालु आवको आठ महिनामा भन्सार महसुल शीर्षकमा रु. चार अर्ब ८९ करोड ३३ लाख, भन्सार महसुल निर्यात शीर्षकमा रु. २२ करोड १७ लाख, भन्सारसम्बन्धी अन्य आय शीर्षकमा रु. ६३ लाख ६४ हजार, निर्यात सेवा शुल्क शीर्षकमा रु. छ लाख २९ हजार, कृषि सुधार शुल्क शीर्षकमा रु. १० करोड ९६ लाख राजस्व सङ्कलन भएको छ ।

यसैगरी, अन्तःशुल्क आयात शीर्षकमा रु. २९ करोड ४२ लाख २४ हजार, सडक मर्मत तथा सुधार दस्तुर शीर्षकमा रु. ३९ करोड २३ लाख ८४ हजार, पूर्वाधार कर शीर्षकमा रु. एक अर्ब २२ करोड १२ लाख ८० हजार, स्वास्थ्य जोखिम कर वैदेशिक उत्पादन शीर्षकमा एक लाख २१ हजार, मूल्य अभिवृद्धि कर (आयात) शीर्षकमा रु. चार अर्ब २० करोड १८ लाख ८७ हजार र हरित कर शीर्षकमा रु. १३ करोड २३ लाख ५४ हजार राजस्व सङ्कलन भएको छ ।

कार्यालयले चालु आव २०८२/०८३ का लागि कूल रु. १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य राखिएको सूचना अधिकारी हुमागाईले जानकारी दिनुभयो । ***रासस***

# लागुऔषधसहित विभिन्न स्थानबाट १५ जना पक्राउ

काठमाडौँ, ५ चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले लागुऔषधसहित विभिन्न स्थानबाट १५ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापा, बारा, महोत्तरी, चितवन र कञ्चनपुरबाट उनीहरू गत मङ्गलबार र बुधबार पक्राउ परेका हुन् । भरतपुर महानगरपालिका-१ पोखरा बसपार्कबाट चिकित्सकको सिफारिसमा मात्र खरिदबिक्री गर्न पाइने औषधिसहित एक जना, भद्रपुर नगरपालिका-६ बाट खैरो हेरोइनसहित सात जना, बाराको जितपुरसिमरा उपमहानगरपालिका-३ लक्का पुल नजिकबाट नौ किलो गाँजासहित दुई जना, महोत्तरीको बर्दिबास नगरपालिका-३ बाट खैरो हेरोइनसहित चार जना र कञ्चनपुरको बेलौरी नगरपालिका-१० घाटबाट एक जनालाई पक्राउ गरिएको हो । ***रासस***

# हिउँदे वर्षात्‌ले किसानमा खुसी

भोजपुर, ५ चैत । लामो समयको खडेरीपछि परेको हिउँदे वर्षात्‌ले भोजपुरका किसानमा उत्साह र खुसी छाएको छ । समयमै पानी नपर्दा बाली सुक्ने चिन्तामा रहेका किसान वर्षात्‌सँगै राहत महसुस गर्न थालेका हुन् ।

विशेषगरी, गहुँ, मकै, आलु तथा विभिन्न तरकारी बालीका लागि यो वर्षात् अत्यन्तै उपयोगी बनेको टेम्केमैयुङ-५ का स्थानीय किसान अडिबहादुर विष्टले बताउनुभयो । खडेरीका कारण हिउँदे बाली सुक्दै गएको अवस्थामा वर्षात् भएपछि किसानमा नयाँ आशा पलाएको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "लामो समयको खडेरीका कारण हिउँदे बाली सुक्ने अवस्थामा पुगेको थियो । वर्षात् भएपछि हामी किसान निकै खुसी भएका छौँ । अब बाली सप्रिन्छ भन्ने आशा बढेको छ ।" खेतबारीमा चिस्यान अभावका कारण ओइलिन थालेका बाली वर्षात्‌पछि पुनः हरियाली देखिन थालेका छन् । यसले उत्पादनमा वृद्धि हुने अपेक्षा किसानले गरेका छन् । सिँचाइ सुविधा नपुगेका क्षेत्रका किसानका लागि त यो वर्षात् झन् राहत बनेको छ । स्थानीय किसानका अनुसार वर्षात्‌अघि माटो अत्यधिक सुक्खा हुँदा बालीको वृद्धि प्रक्रिया प्रभावित बनेको थियो । तर, वर्षात्‌ले माटोमा आवश्यक चिस्यान उपलब्ध गराएपछि बालीको वृद्धि पुनः सक्रिय भएको छ । यसले उत्पादन मात्र नभई बालीको गुणस्तरमा समेत सुधार आउने विश्वास किसानले व्यक्त गरेका छन् । मकै छर्ने 'सिजन' मा पानी परेपछि किसानलाई थप सहजता भएको छ । ***रासस***



**स्ट्रबेरी टिप्दै**

दाङको घोराही उपमहानगरपालिका-१५ स्थित भरतपुरमा व्यावसायिक रूपमा गरेको स्ट्रबेरी खेतीमा पाकेका स्ट्रबेरी बिक्रीका लागि टिप्दै किसान । दाङमा स्ट्रबेरी प्रतिकिलो खुद्रामा रु. ७०० र थोकमा रु. ५५० मा बिक्री हुने गरेको व्यवसायी बताउँछन् । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# संविधानको धारा ७६ (१) अनुसारको सरकार गठन हुने

काठमाडौँ, ५ चैत । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम आइसकेको छ । निर्वाचन आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाउँदै छ ।

निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्नेछ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कुल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी हुनुभएको छ ।

रास्वपाबाट प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित भएका छन् । नेपाली काङ्ग्रेसबाट ३८, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट २५, नेपाली कम्युनिस्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित भएका छन् ।

नेपालको संविधानको धारा, ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा, ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ' भन्ने उल्लेख छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी वरिष्ठ नेता बालेन्द्र साहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा होमिएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । वरिष्ठ नेता शाहलाई संसदीय दलको नेताका अघि सार्ने रास्वपाको तयारी छ ।

रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविद्को भनाइ छ ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ ।

"सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसद्मा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो", संवैधानिक कानुनका ज्ञाता डा. खिमलाल देवकोटाले राससससँग भन्नुभयो, "त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।"

नेपालको संविधान जारी भएपछि पहिलोपटक धारा ७६ को उपधारा (१) अन्तर्गत एकल बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुन लागेको हो ।

"एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो", डा. देवकोटाले भन्नुभयो, "अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।"

सङ्घीय संसद् सचिवालयले यही चैत १२ गते नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । संसद् सचिवालयले बिहीबारै छवटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दैछ । छलफलमा सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी हुनेछ ।

निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ । आयोगले बिहीबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।

निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको डा. देवकोटाले बताउनुभयो । संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ ।

उपधारा (१) मा लेखिएको छ, "राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नेछ । त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समयसमयमा दुबै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ ।"

संसद्को पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने र सात दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया अघि बढ्नेछ । अबको संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनमा बस्नेछ । ***रासस***

# तीन जिल्लाका बिरामीलाई सेवा दिँदै एक स्थानीय अस्पताल

तुलसीपुर (दाङ), ५ चैत । यहाँको राप्ती गाउँपालिकाद्वारा सञ्चालित राप्ती आधारभूत अस्पतालबाट तीन जिल्लाका बिरामी लाभान्वित भइरहेका छन् । लुम्बिनी प्रदेश राजधानीसमेत रहेको यस क्षेत्रमा सञ्चालित १५ शय्याको अस्पतालमा दाङको राप्ती, गढवा, बङ्गलाचुली गाउँपालिकासहित छिमेकी जिल्ला प्यूठान र अर्घाखाँचीका विभिन्न क्षेत्रबाट समेत बिरामी आउने गरेका छन् ।

अस्पताल विकास समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष प्रकाश विष्टले स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको अस्पतालमा अन्य क्षेत्र र जिल्लाबाट समेत बिरामी आउने गरेको बताउनुभयो । बिरामीको चाप बढी भएकाले व्यवस्थापनमा केही दबाब भए पनि नागरिकको विश्वास जित्न थालेकाले आफूहरूलाई काम गर्ने हौसला मिलिरहेको उहाँको भनाइ छ ।

"यो अस्पताल स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याएका थियौँ, हाल दाङसहित प्यूठान, अर्घाखाँचीसम्मका नागरिकले पनि सेवा लिइरहेका छन् । यो हाम्रो सेवाप्रतिको भरोसा पनि हो," अध्यक्ष विष्टले भन्नुभयो ।

अस्पतालका प्रशासन प्रमुख पृथ्वी पौडेलले यहाँबाट दैनिक एक सयदेखि डेढ सय बिरामीले सेवा लिने गरेको बताउनुभयो । कुनै कुनै समयमा दैनिक दुई सयसम्म बिरामी आउने गरेको पनि उहाँले जानकारी दिनुभयो ।

"अस्पतालमा हाल चौबिसै घण्टा आपत्कालीन सेवा, बहिरङ्ग सेवा, भिडियो एक्स-रे, एक्स-रे, प्रयोगशाला, सुरक्षित गर्भपतन, आमा सुरक्षा कार्यक्रम र बिरामी भर्ना गर्ने इन्डोर सेवा सञ्चालनमा छ । यस्तै, प्रत्येक महिनाको अन्तिम शनिबार हाडजोर्नीको विशेषज्ञ सेवासमेत सञ्चालनमा छ," प्रशासन प्रमुख पौडेलले भन्नुभयो ।

हाल यहाँ कन्सल्टेन्ट डाक्टर एकजना, मेडिकल अफिसर चार, स्टाफनर्स, हेल्थअसिस्टेन्ट, अहेब, अनमी पाँच/पाँच जना तथा एनेस्थेसिया असिस्टेन्ट र असिस्टेन्ट फार्मेसी एक/एक जना रहेका छन् ।

यस्तै, ल्याब टेक्निसियन एक जना, ल्याब असिस्टेन्ट चार, रेडियोग्राफर दुई, अस्पताल प्रशासक र कम्प्युटर अप्रेटर एक/एक जना रहेका छन् । सेवा सहजताका लागि अक्सिजन सिलिण्डरसहितको सुविधा सम्पन्न एम्बुलेन्स पनि व्यवस्था गरिएको छ ।

हाल अस्पतालमा आएका सामान्य बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था नरहेको र चाँडै शल्यक्रिया सेवासमेत सुरु गर्ने तयारी भइरहेको प्रशासन प्रमुख पौडेलले बताउनुभयो । सकेसम्म विशेषज्ञ सेवा लिन टाढा जान नपरोस् भन्ने उद्देश्यले अस्पतालको सेवा विस्तार गर्न लागिएको उहाँको भनाइ छ । ***रासस***

। सम्पादकीय ।

# संसारका सबभन्दा बढी जनता अमेरिकाको विरोध गर्छन्

देशमा अमेरिकी सेनाको चलखेल भइरहेको कुरामा शङ्का छैन । अमेरिकी राष्ट्रपति ट्रम्पको नेपाली सेनासँग सहकार्य गर्न तत्पर भएको विचारमै हस्तक्षेपको गन्ध छ । नेपाली सेनासँग सहकार्य गर्न तयार रहेको उनको व्यक्त विचार गठन हुने सरकारसित कुनै सन्दर्भ मिलेको छैन । नयाँ सरकार गठनसित अमेरिकी सेनाको सहकार्यको कुरा कहाँबाट आयो ? नेपालमा अमेरिकी सेनाको चलखेल भइरहेको छैन भने सेनासँग सहकार्यको प्रश्न त्यसै आउँदैन ।

अमेरिकी सेना बिनाकारण नेपालमा किन पटक पटक भित्रिन्छन् ? कहिले तालिमको नाउँमा, कहिले आर्थिक सहयोगको नाउँमा अमेरिकी सेना पसेर अमेरिकाले नेपाली भूमिलाई परेड खेल्ने मैदान बनाइरहेको छ । कहिले अरु देशमा सीधा आक्रमण गरेर त कहिले अरु देशका असन्तुष्ट पक्षलाई उचालेर अन्तरकलह बढाउने, विरोधको स्वर सल्काउने र अरुलाई उपयोग गरेर झगडा गराउने काममा अमेरिका संलग्न हुँदै आएको छ । एमसीसी सम्झौता भएपछि अमेरिकी सेनाको चलखेल झन् बढेको छ । भोलि सरकारले एसपीपी पास गर्यो भने नेपाल अमेरिकी सेनाको परेड खेल्ने भूमि हुनेमा शङ्का छैन ।

यहाँ विकासको नाउँमा जसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू खोलेसँग विदेशी चलखेल बढेको हो त्यसरी नै धर्म प्रचारको नाउँमा धार्मिक संस्थानहरू खोलेर विदेशी गतिविधि बढिरहेको छ । पाँचखालमा अमेरिकी सेना बरोबर पसेको खबर प्रकाशमा आएको छ । बौद्ध धार्मिक स्थलहरूमा दलाई लामा पक्षका तिब्बतीहरू पसेर चीनको विरोधमा गतिविधि भइरहेको पनि सुन्नमा आएकै हो । ती स्थानहरूमा बेलाबखत चीनको विरोधमा प्रदर्शन भएकै हो । डाँडा डाँडा या उचाइमा रहेका पहाडमा धार्मिक केन्द्र खोलेर एकातिर गुप्तचरको कार्य भइरहेको छ भने अर्कोतिर साम्प्रदायिक भावना फैलाएर द्वन्द्व चर्काउने काम भइरहेको छ ।

पहिले पञ्चायतकालमा राजनीतिक हिसाबले नै डाँडा र पहाडको चुच्चोमा सैनिक क्याम्प बनाएको हुन्थ्यो । पञ्चायतको विरोधमा कसैले आन्दोलन गरे, आन्दोलन गरेर पञ्चायत फाल्ने प्रयास गरे आन्दोलनकारीलाई घेरा हाल्न या गतिविधिको एक एक सूचना थाहा पाउन नै पहाडको उच्च समस्थलीमा सेनाको क्याम्प राखेको हुन्थ्यो । विदेशी चलखेल बढाएर आन्तरिक द्वन्द्व बढाउन, चीनको विरोधमा तिब्बतका तिब्बतीहरूलाई उचाल्न, हङकङमा चीनको विरोध गराउन अमेरिका लागिरहेको छ । अमेरिकाले नेपाललाई प्रयोग गरेर तिब्बतमा उत्पात् मच्चाउन खोज्यो, विद्रोह गराउन साथ दियो भने के चीन चुप लागेर बस्छ ? त्यसबेला नेपालको स्थिति के होला ?

साम्राज्यवादीहरू अनेक लोभलालच देखाएर अरु देशमा छिर्छन्; छिरिरहेका छन् । विकास र आर्थिक सहयोगको प्रलोभनमा नेपालका शासकहरू फस्दै गएमा नेपाल र नेपालीलाई प्रयोग गरेर अमेरिका चीनविरुद्ध लाग्दैन भन्न सकिँदैन । राजनीतिक विश्लेषक र कूटनीतिज्ञहरू यो कुरा बुझ्छन् । अदूरदर्शी, अवसरवादी, कूटनीतिबारे जानकार नभएका नेताहरू यस्ता कुरा बुझ्दैनन् र विदेशी जालमा फस्छन् । यस्तै जालझेल र चक्करमा फसेरै नेपालमा अनेक असमान सन्धि सम्झौता भएको हो । यसबारे शासकहरू गम्भीर हुनुपर्ने हो; चनाखो हुनुपर्ने हो ।

देश र जनताबारे चिन्ता नलिने, विदेशी चँगुलमा फस्ने, देश बनाउन कुनै पूर्वाधार तयार नगर्ने, विदेशीको भरमा बस्ने शासकहरूको गैरजिम्मेवारी र अदूरदर्शिताले नै देश विकासमा पछि परेको हो; देश विदेशी चलखेलमा फसेको हो । संयुक्त राज्य अमेरिकाले संसारका विभिन्न मुलुकमा आतङ्क मच्चाइरहेको यथार्थ हो; देश देश जुधाएर हतियार बेचिरहेको अर्को यथार्थ हो । अरु देशलाई ध्वस्त पारेर कमजोर बनाउने र आफू जहिल्यै 'अमेरिकी प्रथम' या शक्तिशाली देश भइरहने अमेरिकी प्रशासनको नियतमा कालो धब्बा भएको प्रस्ट छ । अमेरिकाको दादागिरीकै कारण विश्वका जनता आतङ्कित र असुरक्षित छन् । यही कारण संसारमा सबभन्दा बढी विरोध अमेरिकाको हुन्छ; संसारका करोडौं होइन अरबौं जनताको विरोध अमेरिकाको हुन्छ । यस अर्थमा अमेरिकी राष्ट्रपति ट्रम्प विश्वबाट एक्लिँदै छन् । जर्मनी, युरोपेली देश, बेलायत, इटाली आदि देश र देशका राष्ट्रप्रमुखहरू इरानको विरोधमा नलाग्ने बताउँछन् । यसबाट थाहा हुन्छ, अमेरिका र अमेरिकी राष्ट्रपति ट्रम्प विश्वबाट नाङ्गिँदै छन्; एक्लिँदै छन्; बदनाम हुँदै छन् । यो साम्राज्यवादी देशको पतनको सङ्केत हो ।

# किन लम्बिँदै छ इरान युद्ध ?

● सैयद जुबैर अहमद

वास्तवमा इरानका नयाँ सर्वोच्च नेताका रूपमा मोजतबा खामेनीको नियुक्ति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको गालामा बलियो थप्पड थियो । इरानको नयाँ नेताले कुनै न कुनै रूपमा ट्रम्प र नेतन्याहुबाट अनुमोदन पाउनुपर्छ भन्ने आस भइरहेको बेला उनको नियुक्ति भएको थियो । उनीहरूको सोच नि:सन्देह भ्रमपूर्ण थियो । तेहरानको सन्देश स्पष्ट थियो- इरानको नेतृत्व तेहरानमै तय हुनेछ, वासिङटन वा तेलअभिभमा होइन । हप्तौंसम्म वासिङटनको बयानबाजीले सुझाव दियो कि अमेरिकाले बल प्रयोग गरेर इरानको राजनीतिक भविष्यलाई पुन: आकार दिन सक्छ ।

इरानमा आक्रमणको पहिलो लहरमा ट्रम्पले अमेरिकी-इजरायली सेनाद्वारा हत्या गरिएका आयतोल्लाह अली खामेनीका उत्तराधिकारीबारे सार्वजनिक रूपमा विचार गरेका थिए । त्यो भ्रम त्यतिबेला अन्त्य भयो, जब इरानको धार्मिक प्रतिष्ठानले मोजतबा खामेनीलाई इस्लामिक गणतन्त्रको सबैभन्दा शक्तिशाली पदमा स्थापित गऱ्यो । वास्तवमा तेहरानबाट आएको सन्देश थियो, 'इरानको नेतृत्वको निर्णय हामी आफैँ गर्छौं ।' सापेक्षिक अस्पष्टताबाट मोजतबा खामेनीको अचानक उदयले मध्यपूर्वमा मात्र नभई विश्वभर गहिरो भूराजनीतिक प्रभाव पारेको छ ।

तेहरानको पहिलो सङ्केत : नयाँ सर्वोच्च नेता पनि आक्रमणमा घाइते भएका उनका परिवारका केही सदस्यको मृत्यु भएको दाबी गरिएका विवरण सार्वजनिक भएका छन् । उनी अहिलेसम्म सार्वजनिक रूपमा देखा परेका छैनन् । त्यो अनुपस्थितिले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई सार्वजनिक रूपमा खिल्ली उडाउन प्रेरित गऱ्यो । तर, इरानी सरकारी टेलिभिजनले मोजतबा खामेनीको नाममा एक बयान प्रसारण गऱ्यो । यो उनले व्यक्तिगत रूपमा दिएको भन्दा पनि एक प्रस्तुतकर्ताले पढेर सुनाएको थियो । तर, सन्देशले धेरै हदसम्म शङ्का मेटाइदियो । इरानले आफ्ना सहिदको रगतको बदला लिने र देशले हर्मुज जलमार्गलाई अवरुद्ध गर्न बल प्रयोग गरिरहनेछ । त्यो एकल वाक्यांशले तुरुन्तै विश्वभरका सरकार र बजारको ध्यान तान्यो । विश्वको तेल आपूर्तिको लगभग



पाँचौं भाग सो साँघुरो जलमार्गबाट प्रवाह हुन्छ । सो मार्गलाई बन्द गर्न आह्वान गरेर मोजतबा खामेनीले एक कठोर रणनीतिक सम्झना दिलाउँदै थिए, इरान आक्रमणमा पर्न सक्छ, तर यो अझै आफ्ना विरोधीलाई ठूलो आर्थिक लागत लगाउन सक्षम छ ।

इरानले आफ्ना सहिदको रगतको बदला लिने र हर्मुज जलमार्ग निरन्तर अवरुद्ध गर्ने रणनीति अङ्गीकार गरिरहेको छ

युद्धको लामो सम्झना : मोजतबा खामेनी द्वन्द्व र घेराबन्दीले आकार लिएको पुस्ताका नेता हुन् । १९६९ मा जन्मिएका उनी इरानको १९७९ को क्रान्तिपछि हुर्केका थिए र क्रूर इरान-इराक युद्धको समयमा वयस्क भए । त्यो युद्ध इरानको सामूहिक राजनीतिक मानसिकतामा गहिरो रूपमा कुँदिएको छ । द्वन्द्व आठ वर्षसम्म चल्यो र लाखौंको ज्यान लियो । इरानको नेतृत्वका लागि युद्धको पाठ स्पष्ट थियो, अस्तित्वगत सङ्कटको क्षणमा देशले मुख्यतया आफ्नो लचिलोपनमा भर पर्नुपर्छ । यो ऐतिहासिक सम्झनाले आज इरानको विश्व दृष्टिकोणलाई व्याख्या गर्छ । इरानी नेताहरूले प्राय: बाह्य दबाबलाई सीमित रणनीतिक चालबाजीका रूपमा होइन, बरु इस्लामिक गणतन्त्रलाई ध्वस्त पार्ने व्यापक प्रयासको अंशका रूपमा व्याख्या गर्छन् । अली खामेनीको हत्याले त्यो धारणालाई नाटकीय रूपमा बलियो बनाएको छ । अमेरिका र इजरायलले इरानका सर्वोच्च नेताको हत्याले शासनलाई कमजोर बनाउने वा आन्तरिक पतनको ढोका खोल्ने विश्वास गरेका थिए भने उनीहरू अत्यन्तै गलत थिए र सायद उनीहरूका बुद्धिमान् सल्लाहकारले खराब सल्लाह दिएका थिए । बरु, यसले प्रतिरोधको कथालाई झनै बलियो बनाएको छ ।

तेहरानको अडानमा कडाइ : मोजतबा खामेनीको उदयले इरानको नेतृत्वले दीर्घकालीन टकरावका लागि तयारी गरिरहेको सङ्केत गर्छ । इरानको राजनीतिक प्रणालीमा कहिलेकाहीं देखापर्ने सुधारवादी व्यक्तिभन्दा फरक मोजतबा इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सनिकट मानिन्छन् । कोर्प्स आज इरानको सबैभन्दा महत्त्वपूर्ण सङ्गठन हो । सङ्गठनले लामो समयदेखि बाह्य दबाबविरुद्ध प्रतिरोध रणनीतिको वकालत गर्दै आएको छ । हर्मुजको जलमार्गमा भएको अवरोधले इरान निरन्तर आक्रमणको रणनीतिक लागतबारेमा विश्वलाई सम्झाउन चाहन्छ । अझ भन्नुपर्दा नयाँ सर्वोच्च नेताले ट्रम्पलाई उनका केही नीति निर्माताले चुपचाप आशा गरिरहेको सजिलो निकास दिने सम्भावना कम छ ।

इरानको राजनीतिक संस्कृतिमा सर्वोच्च नेताको हत्याले एउटा प्रतिक्रिया माग गर्छ, गर या मर । छिट्टै पछि हट्दा स्वदेशमा मोजतबाको वैधता कमजोर हुने र शासनलाई आधार बनाउने कट्टरपन्थी संस्थाहरूमा उनको पकड कमजोर हुने जोखिम छ । परिणामत: उनको नेतृत्वमा इरानले प्रतिशोधको एक रणनीति अपनाउने सम्भावना बढी हुन्छ ।

अमेरिकी भ्रमको अन्त्य : मोजतबाको नियुक्तिले इरानको राजनीतिक पदानुक्रमभित्र उत्तराधिकारभन्दा बढी सङ्केत गर्छ । यो तेहरान, वासिङटन र तेलअभिभबिचको टकरावमा अझ खतरनाक चरणको सुरुवातको प्रतीक हो । सबैलाई थाहा छ, बाह्य शक्तिले बिरलै उसका वास्तुकारले कल्पना गरेको राजनीतिक परिणाम उत्पादन गर्छ । बरु, यसले प्राय: कमजोर पार्न खोजेका शक्तिलाई बलियो बनाउँछ । आज तेहरानमा मोजतबाको उदयले ठ्याक्कै त्यही गतिशीलतालाई मूर्त रूप दिन्छ । एक कट्टरपन्थी मोजतबा अब दबाबमा झुक्नेछैनन् । युद्धबाट बाहिर निस्कने एक मात्र उपाय आत्मसमर्पण गर्नु वा युद्धविरामका लागि जानु हो । तर, मोजतबाको नेतृत्वमा यो असम्भव छ । बरु, इरानले आफ्नो प्रतिशोधलाई अझ कडा र पीडादायी बनाउने सम्भावना छ । हामी पहिल्यै, भारी प्रतिबन्धका बाबजुद तेलअभिभ, जेरुसेलम, दुबई, कतार, कुवेत र साउदी अरेबियामा विनाशका तस्बिर देख्न सक्छौं । इरानका छिमेकीले बढ्दो चिन्तासाथ विकसित सङ्कटलाई हेरिरहेका छन् ।

*(अहमद एनडीटीभीका स्तम्भकार हुन् ।) एनडीटीभीबाट*

# अन्ध समर्थक होइन, विश्लेषण गर्ने नागरिक बनौं

● सत्य सुवाल

हरेक दुई-तीन वर्षमा आन्दोलनका नाममा ऐतिहासिक धरोहरहरू जलाउने, सरकार ढाल्ने, प्रशासनिक संरचना भत्काउने र विकासका आधारस्तम्भ मानिने जलविद्युत् एवं सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने प्रवृत्तिले देशलाई कङ्गाल बनाउँदै छ । यस्तो अराजक वातावरणमा कुनै पनि विदेशी लगानीकर्ताले केवल नेताको आकर्षक अनुहार वा 'ह्यान्डसम' छवि हेरेर लगानी गर्दैनन् । लगानी र रोजगारीका लागि नीतिगत स्थिरता र सुरक्षा अनिवार्य सर्त हो, जुन कुरालाई हाम्रो देशको नेतृत्व वर्गले पूर्णत: उपेक्षा गरेको छ ।

राजनीतिक रोजाइ र नागरिकको बौद्धिक स्तरबिचको सम्बन्धबारे विदेशमा गरिएका अध्ययनहरूले निकै रोचक तथ्यहरू उजागर गरेका छन् । सन् २०२३ मा बेलायतको युनिभर्सिटी अफ बाथ र २०२४ मा अमेरिकाको युनिभर्सिटी अफ मिनिसोटाले गरेका अनुसन्धानहरूले देखाएका छन् कि तुलनात्मकरूपमा कम बौद्धिक स्तर (Low IQ) भएका मानिसहरू जटिल समस्याको अति नै सरल र भावनात्मक समाधान दिने नेताहरूप्रति चाँडो आकर्षित हुन्छन् ।

अमेरिकामा डोनाल्ड ट्रम्पको 'Make America Great Again' होस् वा बेलायतमा सबै समस्याको जड आप्रवासीलाई मात्र देखाउने नारा - यी सबैले मानिसको भावनासँग खेल्ने काम गरे । अनुसन्धानका अनुसार, जसको बौद्धिक स्तर कम हुन्छ, उनीहरू 'प्रक्रिया' (Procedure) बुझ्न चाहँदैनन्; उनीहरूलाई त केवल 'आजको भोलि नै चमत्कार हुन्छ' भन्ने सस्तो आश्वासन मन पर्छ । त्यस्ता नारा दिने नेतालाई भगवान् मान्ने र अन्धभक्त भएर आँखा चिम्ली ताली बजाउने प्रवृत्तिले नै लोकतन्त्रलाई कमजोर बनाइरहेको छ ।

नेपालमा पनि जनतालाई झुक्याउन अवास्तविक नाराको बाढी नै बगाइयो । 'आजको भोलि नै सप्तकोसीदेखि कलकत्तासम्म पानीजहाज चलाइदिन्छु', 'चीनबाट रेल ल्याइदिन्छु', 'देशलाई सिङ्गापुर बनाइदिन्छु', 'घर-घरमा ग्यासको पाइप' जस्ता सस्ता नाराहरूमा भुलेर हामीले मतदान गऱ्यौं । कतिपय नेताहरूले त विदेशमा बसेका क्षमतावान् नेपालीहरूलाई यहाँ ल्याएर विदेशकै जस्तो सुविधा दिने र उल्टै विदेशीलाई समेत नेपालमा जागिर लगाउनेजस्ता अवास्तविक गफ दिएर अस्ट्रेलिया, युरोप र अमेरिकाका गल्लीहरूमा पोस्टर टाँस्ने काम गरे । तर, वास्तविकता ती सस्तो लोकप्रियता खोज्ने प्रवृत्तिले गर्दा न त रेल आयो, न त पानीजहाज । बरु हाम्रो 'आईक्यू' को खिल्ली उडाउने काम मात्र भयो ।

अहिलेका कतिपय नयाँ र आफूलाई 'बौद्धिक' भन्न रुचाउने नेताहरू ChatGPT बाट लेखिएका कृत्रिम घोषणापत्र र करारपत्र बोकेर हिँड्छन्, जुन उनीहरू आफैँलाई याद हुँदैन । मञ्चमा उभिएर सचेत नागरिकले एजेन्डा सोध्दा "अहिले भन्यो भने अरूले कपी गर्छन्, कानमा खुसुक्क भन्छु" भन्ने वा "एजेन्डा र भिजन मनमै छ, बोलेर होइन गरेर देखाउँछु" भन्दै प्रश्नबाट भाग्ने नेतृत्वको बिगबिगी छ ।

यो खतरनाक कुरा हो । यदि कसैको मनभित्र भएको त्यो 'गोप्य भिजन' भोलि देश नै बेच्ने खालको रहेछ भने के गर्ने ? जनतालाई आफ्नो एजेन्डा र विचार प्रस्ट रूपमा बताउन नसक्नु भनेको कि त नेतृत्वसँग क्षमता नहुनु हो, कि त नियतमा खोट हुनु हो । आज एउटा बोल्ने र भोलि स्वार्थ मिलेपछि बोली फेर्ने प्रवृत्तिले गर्दा राजनीतिमा सिद्धान्त र विचार हराउँदै गएको छ ।

नेताको भाषण सुस्पष्ट, बौद्धिक र उद्देश्यपूर्ण हुनुपर्छ । जटिल समस्यालाई सरल तर व्यावहारिक भाषामा प्रस्तुत गर्ने क्षमता नै असल नेतृत्वको गुण हो । सचेत नागरिकले नेताको 'एजेन्डा' बुझ्छन् र अन्ध समर्थन गर्दैनन् । जसले जस्तो नारा दियो त्यसकै पछाडि कुद्ने अन्धभक्त बन्ने कि हरेक कुराको विश्लेषण गर्ने तर्कशील नागरिक बन्ने ? यो आजको मुख्य प्रश्न हो ।

स्पष्ट विचार, नीति र सिद्धान्तविना कुनै पनि पार्टी बलियो जगमा उभिन सक्दैन । विचार र नीति नहुँदा पार्टी र देशमा गम्भीर प्रभाव पर्छ । स्पष्ट विचारबिनाको पार्टी अल्पकालीन रूपमा त चल्न सक्छ तर दीर्घकालीन रूपमा त्यो पार्टी 'भिड' मात्र बन्न पुग्छ । नीति नभएको पार्टी कुहिरोमा हराएको काग जस्तै दिशाहीन हुन्छ र सत्ता पाउनका लागि जोसँग पनि मिल्ने प्रवृत्ति हावी हुन्छ ।

जब पार्टीभित्र वैचारिक एकता हुँदैन, त्यहाँ स्वार्थका समूहहरू जन्मन्छन् । 'नयाँ शक्ति' भनिएकाहरूमा पनि वैचारिक स्पष्टता छैन । साझा नीति नभएपछि कार्यकर्ताहरू उग्र हुने र छवि बिगार्ने काम गर्छन् ।

यदि पार्टीसँग वैचारिक धरातल छैन भने, बाह्य वा आन्तरिक दबाबमा परेर देशघाती निर्णय लिने सम्भावना बढी हुन्छ । 'भिजन मनमै छ' भन्दै एजेन्डा लुकाउने नेताहरूले भोलि राष्ट्रिय हितविपरीतका सम्झौता (जस्तै: प्राकृतिक स्रोतको असमान वा रणनीतिक सन्धिहरू) गर्न सक्छन् । यस्ता निर्णयले सार्वभौमसत्तामा आँच पुऱ्याउँछ र देशले अपूरणीय क्षति भोग्नुपर्ने हुन्छ ।

यसकारण, नेपाल मजदुर किसान पार्टीजस्ता पार्टीहरू सधैं सिद्धान्त र एजेन्डामा जोड दिन्छन् । मार्क्स र लेनिनको दर्शनलाई आत्मसात् गर्दै यो पार्टीले "सिद्धान्त स्पष्ट नभएको आन्दोलन अन्धो हुन्छ" भन्ने मान्यतालाई जोड दिइरहेको छ । विचार प्रस्ट भयो भने कार्यकर्ताहरू 'अन्धभक्त' होइन, 'सचेत सिपाही' बन्छन् । देशघाती निर्णय लिन नेतृत्व डराउँछ किनकि उसलाई सिद्धान्तले बाँधेको हुन्छ ।

'काम गरेर देखाउँछु' भन्नु मात्र पर्याप्त छैन । काम गर्नुअघि त्यो काम गर्ने नियत, नीति र नक्सा (एजेन्डा) स्पष्ट हुनुपर्छ । यदि नक्सा नै गलत छ भने जतिसुकै छिटो हिँडे पनि पुगिने ठाउँ खाल्डो नै हो । त्यसैले अन्ध समर्थक होइन, विश्लेषण गर्ने नागरिक बनौं । बौद्धिक सोच र लोकतान्त्रिक चेतना प्रवर्द्धन गर्ने मार्ग नै नेपालको स्थिरता र वास्तविक समृद्धिको आधार हो ।

# युक्रेन र युरोपेली युनियनको अँध्यारो भविष्य

✍ भालेरी क्रिल्को



सन् २०२२ सम्म युक्रेनका पूर्वाधारले युरोपेली युनियनलाई पर्याप्त विद्युत् र हाइड्रोकार्बन आपूर्ति गर्थ्यो । त्यतिबेला युक्रेनसँग अलग्गै ऊर्जा प्रणाली थियो । तेल र ग्यासका भण्डारण व्यवस्था, पाइपलाइन, स्टेसनजस्ता पूर्वाधार थिए । अहिले तिनको कुनै अत्तोपत्तो छैन । युक्रेनले ग्यास र तेलको अभाव झेल्दै छ । बेलायतको बीबीसीले २०२६ फेब्रुअरीमा युक्रेनका ६० प्रतिशत उपभोक्ताले विद्युत्को अभाव भोगिरहेको बतायो ।

युक्रेनका ऊर्जामन्त्री डेनिस श्माइलको भनाइअनुसार आर्थिक सङ्कटले गर्दा देशका धेरै सहर र क्षेत्रले जाडो यामको सामना गर्न तयारी गरेका छैनन् । नियमितजसो लामो समयसम्म विद्युत् कटौती हुन्छ । नागरिकहरू ठिहिर्‍याउँदो जाडोमा ताप र बिजुलीबिना दिन कटाउन बाध्य छन् । सबैभन्दा अप्ठ्यारो स्थिति अहिले राजधानी किभ, देनिप्रोपेत्रोभ्स्क, चेर्निहाइभ, खार्किभ र ओदेसा क्षेत्रमा छ ।

युरोपेली पत्रकारहरूसँग कुरा गर्दै किभका मेयर भिताली क्लित्स्कोले राजधानी सहरमा नै ताप र बिजुलीको अवस्था अझ खस्किने बताए । किभका ३६ लाख बासिन्दालाई १७ हजार मेगावाट बिजुली चाहिन्छ । तर, त्यसको आधा मात्र आपूर्ति हुँदै आएको छ ।

चरम भ्रष्टाचार, युक्रेनी अर्थतन्त्रको टाटपल्टाइ, ऊर्जा क्षेत्रमा सङ्कट र तेल-ग्यास प्रशोधन गर्ने पूर्वाधारमा क्षति खास कारण हुन् । यी यावत् कारणले गर्दा युक्रेनमा मट्टीतेल, डिजेल र विद्युत्को अभाव झन्झन् बढ्दै छ । यी अभावका कारण युक्रेनी अधिकारीहरूले युरोपेली युनियनबाट आपत्कालीन आयातमा जोड दिँदै छन् । यसरी अहिले युक्रेन सिधै युरोपेली देश र अमेरिकाको ऊर्जा नीतिमा निर्भर हुनुपरेको छ ।

यति नै बेला युरोपेली देशहरूले पनि निकट भविष्यमा ऊर्जा सङ्कट भोग्नुपर्ने अनुमान गरिएको छ । ग्यास भण्डार रित्तिँदै छ; ऊर्जामा मूल्यवृद्धि भएको छ । यस्ता कारणले युरोप अहिले ऊर्जा सङ्कटको मुखमा छ ।

सन् २०२६ जनवरी २६ को दिन युरोपेली युनियनका सदस्य देशहरूले औपचारिक रूपमै एक प्रस्ताव पारित गरे । उनीहरूले रुसी पाइपलाइनबाट हुँदै आएको तरल ग्यासको आयात बन्द गर्ने निर्णय गरे । ग्यासको खरिद २०२७ जनवरी १ देखि पूर्णतः बन्द हुनेछ । त्यस्तै पाइपलाइनबाट हुने ग्यासको आपूर्ति २०२७ सेप्टेम्बर ३० देखि ठप्प हुनेछ । २०२६ मार्च १ सम्ममा युरोपेली युनियनका देशहरूले ग्यास आपूर्तिका लागि नयाँ योजना बनाउनुपर्नेछ । रुसी ऊर्जा स्रोतलाई विस्थापित गर्ने समस्या हल गर्नुपर्नेछ ।

सन् २०२२ देखि २०२५ सम्म युरोपेली देशहरूमा रुसी ग्यासको हिस्सा ४५ प्रतिशतबाट घटेर १६ प्रतिशत पुगेको छ; रुसी तेलको आयात २७ प्रतिशतबाट झरेर ३ प्रतिशत पुगेको छ; रुसी कोइलाको आयात ५० प्रतिशतबाट खस्केर ० प्रतिशत पुगेको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको एक अनुमानअनुसार प्रस्तावित प्रतिबन्धका कारण रुसको ग्यास आपूर्ति ३७ अर्ब क्युबिक मिटरले घट्नेछ । यसको अर्थ सन् २०२५ सम्म युरोपले गर्ने ग्यासको आपूर्तिमा १६ प्रतिशत कटौती हुनेछ । यसले गर्दा युरोपेली अर्थतन्त्र थप जोखिममा पर्नेछ ।

सन् २०२५ मा युरोपमा ग्यासको माग सन् २०२४ को भन्दा २.५ अर्ब क्युबिक मिटर बढी थियो । सन् २०२१ यताकै उच्च माग हो यो । यही अभावबिच गत वर्ष युरोपेली बजारबाट १.४ अर्ब क्युबिक मिटर ग्यास युक्रेनमा निर्यात गर्नुपर्दा युरोपमा स्थिति झन् कष्टकर बन्यो । युरोपले आयात गर्ने सबै हाइड्रोकार्बन भण्डारण हुन्न । तिनलाई दैनिक खपतमा प्रयोग गरिन्छ । रुसी ग्यास आपूर्तिमा प्रतिबन्ध लगाइरहँदा अबका ६ महिनामा युरोपले ठुलो मात्रामा ग्यास खरिद गर्नुपर्ने हुन्छ । यसमा अर्को समस्या पनि छ । युरोपले अहिले सस्तो मूल्यमा ग्यास किनिरहेको बेला अमेरिकाबाट किन्नुपर्ने ग्यास निकै महँगो छ । यसले गर्दा युरोपको विदेशी सञ्चिति धेरै खर्च हुनेछ ।

तैपनि, हालैका वर्षहरूमा युरोपका व्यापारीहरू ग्यास र तेल खरिद गर्न अमेरिकामाथि भर पर्दै छन् । सन् २०२४ मा अमेरिकी उत्पादकहरूले युरोपेली युनियनका देशहरूलाई ४५ प्रतिशत ग्यास र १६ प्रतिशत तेल आपूर्ति गरेका छन् । यसर्थ, ऊर्जाको क्षेत्रमा अमेरिकाको भन्सार नीतिले युरोपेली बजार अति प्रभावित भएको छ ।

सन् २०२५ मा नेदरल्यान्ड, फ्रान्स, स्पेन, इटली र जर्मनीले आयात गरेको तरल ग्यासमा अमेरिकी हिस्सा ७५ प्रतिशत रह्यो । सन् २०२५ जुलाइमा युरोपेली युनियन र अमेरिकाबिच व्यापार सम्झौता सम्पन्न भयो । युरोपेली युनियनले अमेरिकासँग सन् २०२८ सम्ममा साढे ७ खर्ब डलर बराबरको ऊर्जा खरिद गर्ने योजना सार्वजनिक भयो । यो निर्णयले युरोपका देशहरूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सनकपूर्ण भन्सार नीतिमा निर्भर बनाइदिएको छ । समग्र युरोपको ऊर्जा सुरक्षाका लागि यो निर्भरता साँच्चै खतरा बनेको छ ।

यति नै बेला भेनेजुयलामा द्वन्द्व चल्दै छ । इरानलाई लिएर तनाव चुलिँदै छ । यसले गर्दा व्यापारमा खलल पुग्ने, ग्यास-तेल आपूर्तिको मूल्य बढ्ने, युरोपेली बजार अझ खराब हुने सम्भावना छ । यिनै सम्भावनालाई लिएर अहिले युरोपका व्यापारीहरू आत्तिएका छन् । ऊर्जा भण्डार रित्तिँदै छ; ग्यासको मूल्य बढ्दै छ; अमेरिकी आयातमा निर्भरता बढ्दो छ । यसले चाँडै राजनीतिक र ऊर्जा समस्या निम्त्याउनेछ । उदाहरणको लागि इस्टोनिया, लाटभिया र लिथु आनियामा सन् २०२५ डिसेम्बरदेखि २०२६ को आरम्भसम्म विद्युतको मूल्य ७० प्रतिशत बढेको छ ।

युरोपका विज्ञहरूले युरोपको ऊर्जा बजार खासगरी सन् २०२६ मा निकै कमजोर बन्ने आकलन गरेका छन् । दीर्घकालीन सम्झौताबाट खालि मागको ३० प्रतिशत आपूर्ति हुने उनीहरूले बताएका छन् । अहिले नै पनि आफ्नो माग पूरा गर्न युरोपका व्यापारीहरू विश्व बजारमा एसियाका खरिदकर्ताहरूसँग कडा प्रतिस्पर्धा गर्न बाध्य छन् । यी यावत कारणका साथै अर्को कहर छ । अमेरिकी आपूर्ति रुसीभन्दा एकदम महँगो छ । यसले गर्दा युरोप र युक्रेनका उपभोक्ताको महँगी अचाक्ली बढ्नेछ । सन् २०२६ मा युरोपमा ग्यासको मूल्य झन्डै ३० प्रतिशत बढिसकेको छ । विश्व बजारमा माग बढ्नु र भूराजनीतिक अन्योलका कारण यो बढोत्तरी भएको हो ।

अलि पछि गएर युरोपेली युनियन र युक्रेनको ऊर्जा भविष्य अँध्यारो देखिन्छ । ऊर्जाको मूल्यवृद्धिको भारी जनतामाथि थोपर्दा युरोप र युक्रेनको उद्योगमा गतिरोध उत्पन्न हुनेछ । यही गतिरोधले भावी राजनीतिक उथलपुथलको जग हाल्नेछ । यो जोखिम तुरुन्तै हट्ने छाँट देखिन्न । युरोपेली युनियनका देशमा अमेरिकाको महँगो तेल र ग्यासको माग बढेको छ । यसले गर्दा युरोपका विज्ञहरू एकदम गम्भीर बनेका छन् । सन् २०३० सम्ममा युरोपेली युनियनले ८० प्रतिशत ग्यास र ४० प्रतिशत तेल अमेरिकाबाट आपूर्ति गर्नेछ । यो ग्यास र तेल अचाक्ली महँगो हुनेछ ।

युक्रेनी अर्थतन्त्र अहिले अमेरिका र युरोपेली युनियनको ऊर्जा नीतिमाथि प्रत्यक्ष निर्भर छ । सन् २०२६ जनवरीमा युरोपेली युनियनबाट युक्रेनको विद्युत् आयात गत डिसेम्बरको तुलनामा ४० प्रतिशत बढ्यो । यो ८९४ गिगावाट विद्युत् आयातले रेकर्ड नै कायम गर्‍यो ।

सन् २०२६ को मध्य जनवरीमा युरोपेली आयोगले युरोपेली लगानी बैङ्कसँग मिलेर युक्रेनलाई थप ५ करोड युरो ऋण दिने निर्णय गर्‍यो । यो रकम युक्रेनको सरकारी ऊर्जा कम्पनी 'नाफ्नतोगाज' लाई सहयोगको रूपमा जानेछ । युरोपका नेताहरूको भनाइअनुसार यो ऋणले जाडो याममा युक्रेनको ऊर्जा प्रणालीमा टेवा पुग्नेछ । यसरी, सन् २०२५-२६ सम्ममा युक्रेनको लागि ग्यास खरिद गर्न युरोपले छुट्याएको कूल ऋणले ९७ करोड ७० लाख युरो नाघिसकेको छ ।


युरोपेली युनियनका धेरै देशले युक्रेनको ऊर्जा क्षेत्रका लागि भनेर धेरै उपकरण पठाइरहेका छन् । पोलिस गृहमन्त्रालयले जनाएअनुसार सन् २०२६ को जनवरीसम्म उसले युक्रेनलाई ३७९ औद्योगिक जेनरेटर र १८ हिटर पठाएको छ । युरोपेली युनियनका जनताको करबाट खरिद गरिएका थप ४४७ जेनरेटर पनि युक्रेन पठाइएको छ । पोल्यान्डको राजधानी वार्साले किभ सहरलाई ९० जेनरेटर पठाएको छ ।


जेनरेटर युक्रेन पठाएको दुई हप्तापछि पोल्यान्डका एक नेता पेजोले एउटा खुलासा गरे । पोल्यान्डले युक्रेन पठाएका जेनरेटरहरू युक्रेनी पक्षले अनलाइनमार्फत पोल्यान्डलाई बेचेको थियो । यसै विषयमा युरोपेली युनियनको ठगीविरोधी कार्यालयले एक वक्तव्य जारी गर्‍यो । जेनरेटरको लेनदेनमा युक्रेनी पक्षले ९ करोड १० युरो बराबर रकम हिनामिना गरेको उक्त वक्तव्यमा उल्लेख छ । छानबिनको क्रममा यो ठगीमा मुछिएका तीन व्यक्तिलाई पक्राउ गरिएको छ ।


युक्रेनमा चरमचुलीमा पुगेको भ्रष्टाचारका साथै युरोप र अमेरिकाले दिने सहयोग रकममा हुने भारी हिनामिनाले युक्रेनको ऊर्जा क्षेत्रमा सुधार आउनेछैन । भ्रष्टाचार र आर्थिक चलखेलले युक्रेनका अधिकारीहरू मात्र धनी बन्नेछन् । तर, युरोपेली युनियनका देशहरूबाट गरिने ऊर्जा आयात अझ बढ्नेछ । यसले युक्रेनको व्यापार घाटा मात्र बढ्नेछ ।

युक्रेनको बजेट घाटा घटाउनका लागि सन् २०२६-२७ मा युरोपेली नेताहरूले उसलाई ९० अर्ब युरो ऋण दिने निर्णय गरेका छन् । तर, यो ऋण आफै अक्करमा परेको छ । युरोपेली

*बाँकी पृष्ठ ८ मा*






Europe Gas Storage Falls to Pre-Crisis Lows as Prices Rise



# चीनद्वारा विषयगत पार्श्व सम्मेलनको आयोजना

पेइचिङ, १९ मार्च (सीआरआई) । मार्च १७ का दिन संयुक्त राष्ट्र सङ्घ मानव अधिकार परिषद्को ६१ औँ बैठकको अवधिमा चिनियाँ गैर-सरकारी सङ्गठन अर्थात् अन्तर्राष्ट्रिय आदान प्रदान प्रवर्द्धन परिषद्ले जेनेभाका लागि चिनियाँ आवासीय प्रतिनिधि मण्डलसँग विषयगत पार्श्व सम्मेलनको आयोजना गरेको छ ।

'विकास अधिकार घोषणा-पत्र' लाई पारित गरिएको ४० औँ वर्षगाँठलाई सम्झनाका लागि आयोजित उक्त विषयगत पार्श्व सम्मेलनको मुख्य नारा 'वैज्ञानिक उपायमार्फत मानव अधिकार चुनौतीको सामना' भन्ने रहेको छ । लगभग १ सय चिनियाँ र विदेशी अतिथिहरूले भेला भई डिजिटल प्रविधिको प्रयोग गर्दै विकास अधिकारलाई प्रत्याभूति दिएर जलवायु परिवर्तन, सार्वजनिक स्वास्थ्य सङ्कट र डिजिटल खाडललगायतका विश्वव्यापी चुनौतीको सामना गर्ने र भेदभाव तथा असमानताको समाधान गर्ने सन्दर्भमा गैर-सरकारी सङ्गठनले कसरी भूमिका निर्वाह गर्ने भन्ने विषयबारे गहन रूपमा विचार विमर्श गरेका छन् ।

मार्च १६ तारिख संयुक्त राष्ट्र सङ्घ मानव अधिकार परिषद्को ६१ औँ सम्मेलनले देशवार मानव अधिकार समस्याबारे सामान्य बहसको आयोजना गरेको छ । चिनियाँ प्रतिनिधि मण्डलका उपप्रमुख मिनिस्टर ली स्याउमैले बहसलाई सम्बोधन गर्नुभएको छ ।

आफ्नो सम्बोधनमा मिनिस्टर लीले मानव अधिकार परिषद् स्थापनाको २० औँ वर्षगाँठको सदुपयोग गर्दै मानव अधिकारको अठोटलाई प्रबर्द्धन र प्रत्याभूति दिनुका साथै बराबरी र एकले अर्काको सम्मान गर्ने आधारमा संवाद र सहकार्य चलाएर मानव अधिकार कार्यलाई अघि बढाउनका लागि केही वास्तविक कदम चाल्नुपर्न चीनले विभिन्न पक्षहरूलाई आह्वान गरेको बताउनुभएको छ ।



साउदी अरेवियाको राजधानी रियादस्थित किङ फैजल अन्तर्राष्ट्रिय विमानस्थलमा इरानी मिसाइल विस्फोटको एक दृश्य मार्च १८, २०२६ का दिन । त्यहाँबाट अमेरिकी युद्धकविमान उडेर इरानका विमानस्थलमा हवाई हमला भएपछि इरानले मिसाइल प्रत्याक्रमण गरेको हो । *तस्बिर : सिन्ह्वा*

# होर्मुज अवरोधले खाडी क्षेत्रमा महँगी चर्कियो

दुबई, १९ मार्च (एएफपी) । मध्यपूर्वमा जारी युद्धका कारण रणनीतिक स्ट्रेट अफ होर्मुज अवरुद्ध भएपछि खाडी मुलुकहरूमा खाद्य आपूर्ति प्रणालीमा गम्भीर दबाब परेको छ । यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा देखिन थालेको छ । बजारमा वस्तुको अभाव नभए पनि मूल्य तीव्र रूपमा बढ्न थालेपछि दैनिक जीवनयापन महँगिएको छ ।

बहराइनका एक उपभोक्ता महमुद अलीले सुपरमार्केटमा सामान सहजै पाइए पनि पछिल्ला दिनहरूमा केही खाद्य वस्तुको मूल्य उल्लेखनीय रूपमा बढेको बताउनुभयो । उहाँका अनुसार विशेष गरी मासुको मूल्य झन्डै दोब्बर भएको छ । खाडीका अधिकांश देशहरूजस्तै बहराइन पनि खाद्य आपूर्तिका लागि आयातमा निर्भर रहेकाले आपूर्ति मार्गमा आएको अवरोधले सिधै मूल्यमा असर पारेको हो ।

फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु भएको इजरायल-अमेरिका आक्रमणपछि क्षेत्रीय द्वन्द्व चर्किँदा होर्मुज जलडमरू हुँदै हुने ढुवानी लगभग ठप्प भएको छ । यसले संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनका प्रमुख बन्दरगाहहरूमा कार्गो प्रशोधन या त स्थगित भएको छ वा उल्लेखनीय रूपमा घटाइएको छ । अर्थशास्त्री फ्रेडरिक स्नाइडरका अनुसार निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण हवाई ढुवानी पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।

यस अवस्थाले खाडीका प्रमुख समुद्री प्रवेशद्वारहरू प्रभावहीन बनेका छन् । अबु धाबीका बन्दरगाह, दुबईको जेबेल अली र साउदी अरबको दम्मामजस्ता केन्द्रहरूमा आवागमन अवरुद्धजस्तै भएको छ भने जहाजहरू ओमान तथा स्ट्रेटको दक्षिणतर्फका वैकल्पिक बन्दरगाहतर्फ मोडिएका छन् । साउदी अरेबियाले भने खुला हवाई क्षेत्र र लाल सागरका बन्दरगाहमार्फत आफूलाई वैकल्पिक आपूर्ति केन्द्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ ।

ट्राफिक अवरोध समाधान गर्न साउदी अरबले पूर्वी बन्दरगाहबाट डाइभर्ट गरिएका कार्गो व्यवस्थापनका लागि नयाँ रसद मार्ग र सञ्चालन कोरिडोर थप्ने पहल सुरु गरेको जनाएको छ । कतारतर्फ जाने सीमाक्षेत्रमा भारी ट्रकहरूको आवागमन बढेको देखिएको छ, जसले भूमि मार्गको प्रयोग बढ्दै गएको सङ्केत गर्छ । यद्यपि, सिरिया वा जोर्डन हुँदै भूमध्यसागर जोड्ने स्थलमार्गहरू सीमित, महँगा र अपर्याप्त भएको विज्ञहरूको भनाइ छ ।

विशेषगरी ताजा खाद्य सामग्रीहरू सबैभन्दा बढी प्रभावित भएका छन्, किनकि ती प्रायः एसियाबाट आयात गरिन्छन् र लामो समयसम्म भण्डारण गर्न सकिँदैन । यस्तो अवस्थामा खाडी मुलुकहरूको तयारी फरक-फरक देखिएको छ । साउदी अरेबियासँग लाल सागरमार्फत वैकल्पिक पहुँच छ भने संयुक्त अरब इमिरेट्सले चारदेखि छ महिनासम्म पुग्ने भण्डार रहेको जनाएको छ । सन् २०१७ को नाकाबन्दीपछि कतारले पनि रणनीतिक भण्डारणमा उल्लेखनीय लगानी गरेको थियो ।

तर, बहराइन र कुवेतजस्ता देशहरूले भने प्रत्यक्ष प्रभाव महसुस गर्न थालेका छन् । कुवेतमा प्रारम्भिक दिनमै सुपरमार्केटहरूमा भीड बढेपछि सरकारले केही आधारभूत वस्तुको मूल्य नियन्त्रण र अनुदानित मासु आयात स्थगित गर्ने कदम चालेको थियो । कुवेती अधिकारीका अनुसार समग्र मूल्य स्थिर देखिए पनि मासु र माछाको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ, जसको कारण माछा मार्ने गतिविधि रोकिनु र इरान, भारत तथा पाकिस्तानबाट आयात अवरुद्ध हुनु हो ।

निजी क्षेत्रले पनि आपूर्ति व्यवस्थापन गर्न प्रयास गरिरहेको छ । लुलु रिटेल चेनले गैर-नाशवान वस्तुहरूको चारदेखि छ महिनासम्म पुग्ने भण्डार राखेको र ताजा खाद्य सामग्री ल्याउन विशेष उडान सञ्चालन गरिरहेको जनाएको छ । कम्पनीका अनुसार हालसम्म ३७ वटा चार्टर्ड उडानमार्फत छ हजार टनभन्दा बढी ताजा सामग्री आयात गरिएको छ र यसबाट उत्पन्न अतिरिक्त लागत तत्काल उपभोक्तामा नथोपारिएको बताइएको छ ।

विश्लेषक स्नाइडरका अनुसार अहिले मूल्य वृद्धि नियन्त्रणमै देखिए पनि युद्ध लामो समयसम्म जारी रहे आयातित खाद्य सामग्रीको मूल्य अझ बढ्ने ठोस जोखिम रहेको छ । त्यसैले होर्मुज अवरोध केवल सामरिक सङ्कट मात्र नभई खाडी क्षेत्रका लागि खाद्य सुरक्षासँग जोडिएको दीर्घकालीन चुनौतीका रूपमा उभिएको देखिएको छ ।

# होर्मुज तनावबिच ट्रम्प-ताकाइची भेट

वासिङ्टन, १९ मार्च (एपी) । मध्यपूर्वमा चर्किएको युद्ध र रणनीतिक स्ट्रेट अफ होर्मुजको सुरक्षालाई लिएर बढ्दो अन्तर्राष्ट्रिय दबाबका बिच जापानका प्रधानमन्त्री साने ताकाइची र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच ह्वाइट हाउसमा भएको भेटलाई उच्च जोखिमयुक्त कूटनीतिक संवादका रूपमा देखिएको छ । विश्व ऊर्जा आपूर्तिको मुख्य नाडी मानिने जलमार्गको सुरक्षामा सहयोग जुटाउने प्रयास असफल भइरहेका बेला यो भेटले अमेरिका-जापान सम्बन्धको संवेदनशील पक्ष उजागर गरेको छ ।

यसअघि सामान्य द्विपक्षीय समन्वय र सम्बन्ध सुदृढीकरणमा केन्द्रित हुने अपेक्षा गरिएको भेट, इरानसँगको युद्ध र त्यसले सिर्जना गरेको सुरक्षा सङ्कटका कारण जटिल बनेको हो । ट्रम्पले जापानसहित आफ्ना सहयोगी राष्ट्रहरूले होर्मुज जलडमरूको नियन्त्रणमा अपेक्षित सहयोग नगरेको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि जनाउँदै आएका छन् ।

प्रधानमन्त्री ताकाइचीले पनि वासिङ्टन प्रस्थानअघि ट्रम्पसँगको भेट 'धेरै गाह्रो' हुने स्वीकारेकी थिइन् । जापानले अमेरिकी-इजरायली सैन्य अभियानमा आफ्ना युद्धपोत पठाउने प्रस्ताव अस्वीकार गरिसकेको छ । यसले दुई देशबिचको सुरक्षा समन्वयमा तनाव बढाएको छ । एसिया समूहका अध्यक्ष तथा पूर्वअमेरिकी कूटनीतिज्ञ कर्ट क्याम्पबेलका अनुसार ट्रम्पले ताकाइचीमाथि उच्च स्तरको दबाब दिने सम्भावना रहेको छ, र यस्तो संवेदनशील भेट दुर्लभ मानिन्छ ।

क्याम्पबेलका अनुसार ताकाइचीले जापानलाई मध्यपूर्वको अमेरिकी योजनाको साझेदारका रूपमा प्रस्तुत गर्ने सन्तुलित उपाय खोज्ने प्रयास गरेकी छिन्, यसले ताइवानलगायत क्षेत्रीय विषयहरूमा जापानका चासोहरू अमेरिकासमक्ष संयमित र प्रभावकारी रूपमा प्रस्तुत गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

तर, जापानको संवैधानिक सीमाले यस्तो सहयोगमा जटिलता थपेको छ । दोस्रो विश्वयुद्धपछिको संविधानले आफ्नो भूभागको रक्षाबाहेक सैन्य शक्ति प्रयोगमा प्रतिबन्ध लगाएको छ, जसका कारण जापानको सेना 'आत्मरक्षा बल' का रूपमा सीमित छ । यद्यपि, विश्लेषकहरूका अनुसार जापानले समुद्री माइन हटाउने कार्य वा सीमित नौसैनिक उपस्थितिजस्ता सहयोग गर्न सक्ने सम्भावना भने रहन्छ । तर, अमेरिकी सैन्य अभियानमा प्रत्यक्ष संलग्न हुन 'सामूहिक आत्मरक्षा' को प्रावधान सक्रिय गर्नुपर्ने हुन्छ । यो राजनीतिक रूपमा अत्यन्त संवेदनशील विषय हो ।

ताकाइचीले यस भेटलाई इन्डो-प्यासिफिक क्षेत्रमा व्यापार, सुरक्षा र रणनीतिक सहकार्यमा केन्द्रित गर्ने योजना बनाएकी थिइन् । अक्टोबरमा टोकियोमा ट्रम्पसँग पहिलोपटक भेट गरेकी ताकाइची जापानकी पहिलो महिला प्रधानमन्त्री हुनुका साथै पूर्वप्रधानमन्त्री सिन्जो आबेका निकट सहयोगीका रूपमा चिनिन्छिन् ।

भेटअघि जापानी अधिकारीहरूले अमेरिका-जापान सम्बन्धलाई थप सुदृढ पार्ने, ऊर्जा, महत्त्वपूर्ण खनिज र क्षेत्रीय सुरक्षामा सहकार्य बढाउने विषयमा छलफल हुने बताएका थिए । तर, होर्मुज जलडमरूको सुरक्षामा सहयोग गर्ने विषयले ती एजेन्डालाई ओझेलमा पार्ने देखिएको छ ।

इरान युद्धका कारण उत्पन्न वैश्विक प्रभावहरूले पनि ताकाइचीलाई कठिन स्थितिमा राखेको छ । जापानले चीनलाई उदाउँदो सुरक्षा चुनौतीका रूपमा हेर्दै पूर्वी चीन सागर आसपास आफ्नो सुरक्षा तयारी क्रमशः सुदृढ गर्दै आएको छ । तर, अमेरिकाले जापानमा तैनाथ केही सैनिकलाई मध्यपूर्वतर्फ सार्दा पूर्वी एसियामा शक्ति सन्तुलन कमजोर हुने चिन्ता बढेको छ ।

विशेषगरी चीनले ताइवान वरिपरि अभ्यासहरू बढाएको परिस्थितिमा ताकाइचीले ट्रम्पसँग सैनिक स्थानान्तरणको विषय सूक्ष्म ढङ्गले उठाउने सम्भावना छ । विश्लेषक क्रिस्टोफर जोनस्टोनका अनुसार यस्तो अवस्थाले अमेरिका फेरि मध्यपूर्वमै अल्झिने र पूर्वी एसियामा प्रतिरोध क्षमतामा कमी आउने जोखिम बढाएको छ ।

यसरी, होर्मुजको सुरक्षा, इरान युद्धको प्रभाव र चीनसँगको रणनीतिक प्रतिस्पर्धा एकैसाथ जोडिँदा ट्रम्प-ताकाइची भेट केवल द्विपक्षीय वार्तामा सीमित नरही व्यापक भू-राजनीतिक सन्तुलनको परीक्षणका रूपमा उभिएको छ ।

# ऊर्जा संरचनामाथि आक्रमणले चर्कियो मध्यपूर्व युद्ध

पेरिस, १९ मार्च (एएफपी) । मध्यपूर्वमा जारी युद्ध ऊर्जा पूर्वाधारलाई लक्षित आक्रमणसँगै थप गम्भीर मोडमा पुगेको छ । कतारको प्रमुख ग्यास हब रस लाफानमा इरानी आक्रमणपछि लागेको आगो नियन्त्रणमा लिइए पनि तरलीकृत प्राकृतिक ग्यास ( एलएनजी) उत्पादनमा व्यापक क्षति पुगेको जनाइएको छ, जसले विश्व ऊर्जा आपूर्तिमा अनिश्चितता थपेको छ । गृह मन्त्रालयका अनुसार नागरिक सुरक्षा टोलीले आगलागी नियन्त्रणमा लिए पनि साइट सुरक्षित बनाउने र चिस्याउने काम जारी छ ।

यसैबिच, इरानले यस वर्षको सुरुतिर भएको अशान्तिका क्रममा प्रहरी अधिकारीहरूको हत्या गरेको र अमेरिका तथा इजरायलको पक्षमा काम गरेको आरोपमा तीन जनालाई मृत्युदण्ड दिएको जनाएको छ । उता, कतारले आक्रमणको प्रतिक्रियास्वरूप केही इरानी कूटनीतिज्ञलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिएको छ ।

द्वन्द्वको तनाव थप चर्किँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतारको ग्यास पूर्वाधारमा थप आक्रमण भए इरानको विशाल दक्षिण पार्स ग्यास क्षेत्र नै ध्वस्त पार्ने चेतावनी दिनुभएको छ । ट्रम्पले इजरायलले सो क्षेत्रमा आक्रमण गरेको पुष्टि गरे पनि अमेरिकालाई त्यसबारे जानकारी नभएको दाबी गर्नुभएको छ । यता, इरानले पनि आफ्नो ऊर्जा पूर्वाधारमा थप आक्रमण भए खाडी क्षेत्रका तेल र ग्यास उद्योग पूर्ण रूपमा नष्ट गर्ने चेतावनी दिएको छ ।

क्षेत्रीय शक्तिहरू पनि क्रमशः सक्रिय बन्दै गएका छन् । साउदी अरेबियाले इरानबाट भइरहेका मिसाइल र ड्रोन आक्रमणको जवाफमा आवश्यक परे सैन्य कारबाही गर्न पछि नहट्ने जनाएको छ । संयुक्त अरब इमिरेट्सले मिसाइल अवरोधका क्रममा खसेको भग्नावशेषका कारण आफ्ना केही ग्यास सुविधा बन्द गर्नुपरेको बताएको छ । यसै क्रममा होर्मुज जलडमरू नजिकै एक जहाजमा प्रक्षेप्य लाग्दा आगलागी भएको खबर आएको छ, जसले अन्तर्राष्ट्रिय जलमार्गको सुरक्षामा चिन्ता बढाएको छ ।

युद्धको प्रभाव हवाई सेवामा पनि परेको छ । हङकङस्थित क्याथे प्यासिफिकले दुबई र रियादका उडानहरू अप्रिल अन्त्यसम्म स्थगित गर्ने निर्णय गरेको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले ऊर्जा र पानीजस्ता नागरिक पूर्वाधारमाथि आक्रमण रोक्न तत्काल कदम चाल्न आग्रह गर्दै सम्बन्धित पक्षहरूसँग छलफल गर्नुभएको जानकारी दिनुभएको छ ।

स्थलस्थितिमा पनि हिंसा जारी छ । इजरायलमा इरानी मिसाइल आक्रमणका क्रममा एक जनाको मृत्यु भएको पुष्टि भएसँगै मृतक सङ्ख्या १५ पुगेको छ । वेस्ट बैङ्कमा मिसाइलको भग्नावशेष खस्दा तीन प्यालेस्टिनी महिलाको ज्यान गएको छ भने अन्य केही घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ । यो द्वन्द्वमा प्यालेस्टिनीहरूको मृत्यु भएको पहिलो घटना मानिएको छ ।

इराकमा इरान समर्थक कातेब हिजबुल्लाह समूहले केही सर्तसहित अमेरिकी दूतावासमाथि आक्रमण पाँच दिनका लागि रोकेको जनाएको छ । उता, कुवेतले हिजबुल्लाहसँग सम्बद्ध १० जनालाई महत्त्वपूर्ण पूर्वाधारमा आक्रमणको षड्यन्त्र गरेको आरोपमा पक्राउ गरेको छ ।

युद्धका क्रममा इजरायलले वरिष्ठ इरानी अधिकारीहरूलाई लक्षित आक्रमण जारी राख्ने जनाएको छ । इरानी गुप्तचर मन्त्री इस्माइल खातिबको हत्या भएको दाबी गर्दै इजरायली सेनाले यस्तो अभियान नरोकिने स्पष्ट पारेको छ । यसै सन्दर्भमा इरानका सर्वोच्च नेता मोज्तबा खामेनीले आक्रमणमा संलग्न पक्षले यसको मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको छ ।

# समाज सुधार मा.वि.को स्मारिका सरसरती पढ्दा

● कृष्णप्रसाद सुवाल

समाज सुधार माध्यमिक विद्यालयको ५५ औँ वार्षिकोत्सव फागुन २९ गते सम्पन्न भएको थियो । सो अवसरमा विद्यालयबाट प्रकाशित भएको विद्यालयको प्रगति प्रतिवेदन, विभिन्न लेखकहरूको लेख, विद्यालयकै विभिन्न विषयका शिक्षकहरूद्वारा लिखित एवं विद्यालयमा अध्ययन गरिरहेका विभिन्न कक्षाका विद्यार्थीहरूको साहित्यसहितको स्मारिका विद्यालयको समग्र गतिविधिहरूको सँगालो भएको अनुभूति हुन्छ ।

स्मारिकाको प्रकाशकीयमा नेपालको शिक्षा क्षेत्रको समयानुकूल वैज्ञानिक सुधारको खाँचोलाई सरकारका प्रधानमन्त्री र शिक्षा मन्त्रीहरूले देश र माटो सुहाउँदो शिक्षानीति बनाउनुभन्दा विदेशमुखी बनाएको चर्चा छ । शिक्षाअनुसारको स्वरोजगार देशमा सिर्जना गर्न नसक्दा शिक्षित जनशक्ति विदेश पलायन भइरहेको उजागर गरिएको छ । विद्यालयका प्रअको वार्षिक प्रतिवेदनमा विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि कुनै किसिमको सम्झौता नहुने र निजी विद्यालयभन्दा कुनै कमी नभएको उल्लेख छ । विद्यालयको नयाँ जग्गा भनपा २ स्थित कि.नं.७५७ को क्षेत्रफल ०-३-१-० र कि.नं.७५८ को क्षेत्रफल ०-२-२-० मा विद्यालयले नयाँ ईसीडी भवन निर्माणसँगै विभिन्न प्रयोगशाला तथा प्रयोगात्मक कक्षालाई नियमित गर्ने कुरा उल्लेख गरिएको छ । प्रतिवेदनमा विद्यार्थीको सङ्ख्याभन्दा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि विशेष जोड दिने उल्लेख गरिएको छ । २०८२ सालको शैक्षिक सत्रभरिमा ४७१ जना विद्यार्थीले अध्ययन गरिरहेको उक्त विद्यालयमा सोही अवधिभरमा पूर्व प्राविदेखि कक्षा ९ सम्ममा १०४ जना नयाँ विद्यार्थी रहेको प्रतिवेदनमा उल्लेख छ । विद्यालयले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि तहगत रूपमा अतिरिक्त क्रियाकलापहरू गरिरहेको छ ।

स्मारिकामा रवीन्द्र ज्याख्वद्वारा लिखित 'बनवासाको हैरानी' कथाले स्मारिकाको स्तरीयता बढाएको छ । कथाले भारतीय सीमा सुरक्षा पोस्टमा महाकाली नदीपारि बनवासा बजारबाट नेपाल फर्केका नेपालीहरूलाई चेकजाँचको बेला भारतीय सेनाले महिलामाथि गर्ने दुर्व्यवहार गर्ने गरेको विवरण छ । सीमा सुरक्षामा नेपालका सशस्त्र प्रहरीहरू लाचार रहेको अवस्थाको वर्णन छ ।

स्मारिकामा 'उच्च शिक्ष हासिल गरेर दक्ष बनौँ' शीर्षकमा विष्णुगोपाल कुसीको लेखमा नेपालको संविधानमा उच्च शिक्षासम्म नि:शुल्क शिक्षा भनिए तापनि व्यवहारमा नदेखिएको तथा नेपाली जनतालाई बुद्धिजीवीकरणतर्फ सरकार नलागेको उल्लेख छ । देशको दिगो विकास गर्ने र प्राप्त अवसरहरूलाई न्यायोचित ढङ्गबाट नेपाल सरकारले लान नसकेको र देशको अर्थतन्त्रलाई परनिर्भर बनाएकोमा शासकहरू दोषी रहेको उहाँको लेखमा उल्लेख छ । उच्च लक्ष्य भएको मानिसको उच्च गुण हुने, साम्राज्यवादी र पुँजीपतिहरूको महत्त्वाकाङ्क्षाको कुनै सीमा नहुने र त्यस्ता साम्राज्यवादी र विस्तारवादी देशबाट भइरहने आक्रमण, हस्तक्षेप दबाबबाट शिक्षक, विद्यार्थी, युवाहरूमा सचेतना ल्याउनुपर्ने औचित्यता औँल्याइएको छ ।

स्मारिकामा 'भक्तपुरको किसान सङ्घर्ष' शीर्षकले भक्तपुरमा वास्तविक किसानहरूको हक र अधिकारका आन्दोलन र सङ्घर्षबाट ७७ जिल्लामध्ये भक्तपुरमा मात्र मोहियानी हक लागू गर्न सकेको तथा शोषक सामन्तबाट शोषित पीडितको पक्षमा अग्रजहरूले खेल्नुभएको अहम् भूमिकाका बारेमा प्रस्ट पारिएको छ । राम प्रजापतिको सो लेखमा किसान आन्दोलनको मर्मविपरीत भड्काउन खोजिरहेको औँल्याइएको छ ।

स्मारिकामा विद्यालयका पूर्वप्रअ लक्ष्मीनारायण दुवालको जीवनी छ । लामो समयसम्म विद्यालयमा कार्य गरेर अनिवार्य अवकाश प्राप्त शिक्षक चञ्चलादेवी पोटे श्रेष्ठको जीवनी छ । उनी २०४७ साल भदौदेखि २०६३ माघ १७ गतेसम्म अस्थायी र २०६३ माघ १८ गतेदेखि २०८२ फागुन २२ गतेसम्म विद्यालयमा कार्यरत रहित स्मारिकामा अन्य विभिन्न शिक्षकहरूको सन्दर्भ लेखहरू र विद्यालयका विद्यार्थीहरूको कथा, कविता, गीत, यात्रा संस्मरणहरू रहेका छन् । आगामी दिनहरूमा यस्तै प्रकाशनको निरन्तरताको आशा गर्दछु ।

# हिमालको काखमा उक्लँदै रसुवाको पर्यटन : सम्भावना

✍ ज्ञानेन्द्र न्यौपाने

रसुवा । स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा हिमाली जिल्ला रसुवा पर्न थालेको देखिन्छ । यातायातको सुविधासहित राजधानी काठमाडौँबाट नजिक पर्ने यस क्षेत्रमा हरेक वर्ष पर्यटक सङ्ख्या वृद्धि हुँदै गएको लाङटाङ राष्ट्रिय निकुञ्जले जनाएको छ । धार्मिक तथा प्राकृतिक सम्पादका कारण पर्यटकको रोजाइमा परेकाले पर्यटकीयस्थलका रूपमा रसुवा चिनिन थालेको छ ।

लाङटाङ, गोसाइँकुण्ड र तामाङ सम्पदा मार्गका यी नाम अब केवल भौगोलिक स्थान मात्र होइनन्, रसुवाको पर्यटन प्रवर्द्धनमा सफल भएका छन् । यसैका कारण पछिल्ला समय यस क्षेत्र पर्यटकीय हिसाबले महत्त्वपूर्ण गन्तव्यका रूपमा परिचित हुन सफल भएको छ ।

पछिल्लो ४८ वर्षमा चार लाख ८० हजारभन्दा बढी विदेशी पर्यटकले यी क्षेत्रमा भ्रमण गरिसकेका छन् । हमाली यात्रामा आगन्तुक पर्यटकको सङ्ख्या बढ्दै गएकाले रसुवाको पर्यटन यात्रा जीवित इतिहास साक्षी भएको लाङटाङ राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत श्यामकुमार साह बताउनुहुन्छ ।

**लाङटाङबाट सुरु भएको पर्यटन यात्रा**

स्थानीयका अनुसार सुरुका दिनमा सडक अभावका कारण फाट्टफुट्ट देखिने पर्यटक लाङटाङसम्म आई क्याङ्जेनको चौँरीगोठमै बास बस्ने, त्यहीँको आगो ताप्दै रात कटाउँदै फर्किने गरेको अवस्थामा सीमित थियो । लाङटाङका स्वर्गीय रेञ्जन दोर्जे तामाङबाट सुरू भएको पर्यटन व्यवसाय सडक पूर्वाधारको विकाससँगै अहिले गाउँ समाजको लागि ठुलो वरदान सावित भएको छ । त्यही सङ्घर्षबाट लाङटाङको पूरै गाउँमा पर्यटकका लगि हिजोआज व्यवस्थित होटल, लज गुणस्तरीय सेवासुविधासम्म आइपुगेको छ ।

करिब तीन हजार ९०० मिटर उचाइमा रहेको क्याङ्जेन जान आज पनि उस्तै कठोर छ, तर आतिथ्य भने अझ न्यानो बनेको छ । "हामी चिसोमा पनि पर्यटकलाई तातो महसुस गराउन चाहन्छौँ", भन्छन् त्यहाँका व्यवसायी ढिण्डुप तामाङ ।

**तामाङ सम्पदा मार्ग : संस्कृतिसँगको भेट**

लाङटाङको प्राकृतिक सौन्दर्यसँगै, तामाङ सम्पदा मार्गले संस्कृति र जीवनशैलीको कथा बोकेको छ । तत्कालीन समयमा ग्रामीण गरिबी निवारण पर्यटन कार्यक्रममार्फत २०५७ सालदेखि सुरु गरिएको यस मार्गले गतलाङ, चिलिमे तथा तातोपानी, थुमन, नाकथली र बृद्धिमलाई नयाँ जीवन दिएको तातोपानीका होटल व्यावसायी दावा साङ्वो तामाङ बताउनुहुन्छ ।

बृद्धिमको होमस्टे अहिले पर्यटकका लागि 'घरजस्तै अनुभव' बनेको छ । स्थानीय परिकारका खानेकुरा, परम्परागतका भेषभुषा र तामाङ संस्कृतिको आत्मीयता, यी सबैले पर्यटकलाई केवल घुम्न मात्र होइन, बाँच्न सिकाउने गरेको 'होमस्टे' व्यवस्थापन समितिका अध्यक्ष ङवाङ तामाङले जानकारी दिनुभयो ।

**गोसाइँकुण्ड : आस्था र रोमाञ्चको सङ्गम**

चार हजार ३८० मिटर उचाइमा रहेको गोसाईंकुण्ड केवल ताल होइन, आस्थाको केन्द्र पनि हो । उकाली, ओराली, भञ्ज्याङ र चौतारी पार गर्दै पुगिने यो गन्तव्यले पर्यटकलाई शारीरिक चुनौतीसँगै आध्यात्मिक सन्तुष्टि पनि दिने गरेको छ ।

धार्मिक मार्गभर होटल-लजको व्यवस्था, चन्दनबारीदेखि लहुरी विनायक गोसाइँकुण्डसम्मको सहज बास तथा खाना र आपत्कालीन अवस्था परे उद्धारका लागि हेलिकप्टरसमेतको व्यवस्थाले यी सबै क्षेत्रको यात्रालाई सुरक्षित बनाएको चन्दनबारीका होटल व्यावसायी सुब्बा लामा बताउनुहुन्छ ।

**बढ्दो पर्यटक, बढ्दो जिम्मेवारी**

लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्ने यी क्षेत्रहरूमा चालु आर्थिक वर्षको साउनदेखि हालसम्म सात हजार ६८४ विदेशी पर्यटकको आगमन भइसकेको छ । आन्तरिकतर्फ भने ३६ हजारभन्दा बढी पर्यटकले घुमेको लाङटाङ राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारी बताउनुहुन्छ । पर्यटकको आगमनका कारण राजस्वमा उल्लेखनीइ योगदान पुगेको छ । तर सङ्ख्या बढ्दै जाँदा चुनौती पनि बढेका छन् ।

वन्यजन्तु संरक्षण, फोहर व्यवस्थापन, र प्राकृतिक सन्तुलन जोगाउने जिम्मेवारी अब सबैको साझा भएको छ । "तोकिएको ठाउँमा मात्र फोहर फालौँ, वनस्पति नकाटौँ", निकुञ्ज प्रशासनको आग्रह छ ।

**अझै बाँकी छन् अधुरा काम**

पर्यटनको सम्भावना विशाल भए पनि पूर्वाधार निर्माणको काम बाँकी छ । नयाँ क्षेत्र नौकुण्ड, उत्तरगया, घलेगढीजस्ता स्थान पर्यटन क्षेत्रको नक्सामा सूचीकृत हुन बाँकी छन् । धुञ्चेस्थित नेपालको पहिलो तामाङ सङ्ग्रहालय भूकम्पपछि पुन:स्थापनाको प्रतीक्षामा छ । कुनै सरकारी सहयोग नमिल्दा सङ्ग्रहालय अझै बन्न नसकेको स्थानीय नागरिक समाजले जनाएको छ । राज्यबाट पुनर्निर्माणको कार्यसमेत अगाडि नबढेको स्थानीय बासिन्दा बताउँछन् ।

पदयात्रा मार्ग सुधार विश्रामस्थल निर्माण र फोहर व्यवस्थापनमा प्रयास भइरहे पनि पर्याप्त हुन सकेको स्थानीयको भनाइ छ ।

**सजिलो यात्रा, छोटो दूरी**

पहिले बेत्रावतीबाट सुरु हुने लामो पैदलयात्रा अहिले सडकमार्गले छोटिएको छ । काठमाडौँबाट धुञ्चेसम्म सीधा यातायात सञ्चालन भएसँगै पर्यटकलाई सहज भएको छ । तर होटल व्यवसायी सङ्घका अध्यक्ष विशाल घलेका अनुसार उच्च हिमाली क्षेत्रको भ्रमणका लागि कम्तीमा एक रात धुञ्चेमा बस्नैपर्दछ । रसुवाको यात्रामा हिमाली वातावरण मिलाइ लेक लाग्ने समस्या न्यूनीकरण गर्न काठमाडौँबाट रसुवा प्रवेश गरेका यात्रुले एक रात धुञ्चेमा बस्न उपयुक्त हुनेसमेत होटल व्यवसायी सङ्घका अध्यक्ष घलेले जानकारी दिनुभयो ।

गोसाइँकुण्डको यात्रालाई थप रोमञ्चकारी बनाइ अगाडि बढ्न धुञ्चे युवा समूहको पहलमा धुञ्चेबाट पूर्व पर्ने त्रिशूली नदी घट्टेखोला क्षेत्रमा १०८ धारासहितको गोसाईंकुण्ड द्वारधाम निर्माणको काम धमाधम अगाडि बढिरहेको छ । यसले आगामी दिनमा यात्रा थप रोमञ्चकारी बनाउने विश्वास लिइएको छ ।

**जैविक विविधताको खानी**

छयालीस प्रजातिका स्तनधारी, ३८० प्रजातिका चराचुरुङ्गी, रेडपाण्डाजस्ता दुर्लभ जनावर यी सबैले रसुवालाई प्राकृतिक प्रयोगशालाका रूपमा चिनाएको छ । तर यी सम्पदालाई नजिकबाट अनुभव गर्ने संरचनाको विकास भने हुन बाँकी छ ।

**सम्भावनाको उज्यालो बाटो**

रसुवाको हिमाली पर्यटन अहिले सम्भावनाको शिखरमा रहेको अवस्था छ । पर्यटन व्यवसाय विगतको सङ्घर्ष, वर्तमानको विस्तार र भविष्यको आशा, यी सबै मिलेर प्रगति पथमा लम्किँदै गरेको छ । रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार प्रकृति, संस्कृति र साहसको सङ्गम भएको रसुवा अब केवल गन्तव्य मात्र होइन, अनुभव बन्ने बाटोमा अघि बढेको छ । पूर्वाधार, संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिन सकियो भने, काठमाडौँबाट नजिकै रहेको हिमाली जिल्ला रसुवा नेपालकै प्रमुख पर्यटकीय केन्द्रको रूपमा स्थापित हुने उहाँको भनाइ छ । ***रासस***

# तेह्र वर्षमा १३ हजार बढी वन डढेलोका घटना अभिलेख

- प्रगति ढकाल

काठमाडौँ, ५ चैत । यही चैत १ देखि ७ गतेसम्म मुलुकभर वन डढेलो सप्ताह चलिरहेको छ । यही अवधिमा वन तथा भू-संरक्षण विभागले वन डढेलोसम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदनमा मुलुकमा पछिल्लो १३ वर्षको 'स्याटेलाइट' तथ्याङ्कअनुसार डढेलोको जोखिम बढिरहेको उल्लेख छ ।

विभागको तथ्याङ्कमा विसं २०७० देखि २०८२ सम्म देशभर १३ हजार ६२२ वटा वन डढेलो घटना अभिलेख भएका छन् । वन डढेलो गम्भीर वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार नेपालमा वन डढेलो मौसमी प्रकृतिको देखिन्छ । कूल घटनामध्ये करिब ८९ प्रतिशत वन डढेलो फागुनदेखि वैशाखसम्म भएका छन् । त्यस अवधिमा समयमा लामो सुख्खा, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन, वन क्षेत्रमा मानव गतिविधि वृद्धिका कारण वन डढेलोको जोखिम बढी हुने उल्लेख छ ।

वैशाख महिनामा कूल घटनाको करिब ५७ दशमलव ७ प्रतिशत वन डढेलो भएको जनाइएको छ । विसं २०७३ लाई सबैभन्दा गम्भीर वन डढेलो वर्षका रूपमा देखाइएको छ । विसं २०७८ र २०८१ मा उल्लेख्य सङ्ख्यामा डढेलोका घटना अभिलेख गरिएका छन् ।

विभागको विश्लेषणात्मक प्रतिवेदनअनुसार विसं २०८२ वैशाख १ देखि फागुन २९ सम्म देशभर कम्तीमा २८२ वटा डढेलोका घटना अभिलेख भएका छन् । प्रतिवेदनअनुसार गत वैशाख १ देखि फागुन २९ सम्म वन डढेलो देशका सातै प्रदेशमा फैलिएको भए पनि सुदूरपश्चिम प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ । सो प्रदेशमा मुलुकको कूल घटनाको करिब एक तिहाइ अर्थात् ३३ दशमलव ३ प्रतिशत वन डढेलो गएको थियो । प्रदेशगतरूपमा वाग्मतीमा १९ दशमलव १ र कर्णालीमा १६ दशमलव ७, गण्डकी प्रदेशमा ९ दशमलव ६, लुम्बिनी प्रदेशमा ८ दशमलव ९, कोसी प्रदेशमा ८ दशमलव २ र मधेश प्रदेशमा ४ दशमलव ३ प्रतिशत वन डढेलोका घटना भएका छन् ।

सोही अवधिमा जिल्लागत रूपमा कञ्चनपुर सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ । त्यहाँ ४१ वटा डढेलो घटना अभिलेख भएका छन् । चितवनमा २७, कैलालीमा १९ र सुर्खेतमा १८ घटना देखिएका छन् । वन तथा भू-संरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले डढेलोको बढ्दो जोखिमलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरू, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम तथा स्थानीय समुदायबिच समन्वय अनिवार्य रहेको बताउनुभयो ।

"वन डढेलो व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो," उहाँले भन्नुभयो । महानिर्देशक प्रधानले डढेलो रोकथाम, शीघ्र सूचना आदानप्रदान, समयमै नियन्त्रण तथा जनचेतना अभिवृद्धिमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेकामा जोड दिनुभयो ।

**जैविक विविधतामाथि खतरा**

मुलुकका विभिन्न संरक्षित क्षेत्रमा पछिल्लो समय डढेलोका घटना बढ्दै गएको छ । विभागको प्रतिवेदन अनुसार गत वैशाख १ देखि फागुन २९ सम्म संरक्षित क्षेत्रमा कूल ८२ वटा डढेलोका घटना दर्ता भएका छन् । सबैभन्दा धेरै डढेलोका घटना चितवन राष्ट्रिय निकुञ्जमा देखिएको छ । त्यहाँ मात्र २७ वटा डढेलोका घटना भएको उल्लेख छ । त्यसपछि शुक्लाफाँ टा राष्ट्रिय निकुञ्जमा २४ र कोसी टप्पु वन्यजन्तु आरक्षमा १२ डढेलोका घटना दर्ता भएका छन् । यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा ६, अन्नपूर्ण संरक्षण क्षेत्रमा ५, बाँके राष्ट्रिय निकुञ्जमा ३, मनास्लु संरक्षण क्षेत्रमा ३ र ढोरपाटन सिकार आरक्षमा २ वटा डढेलोका घटना भएका थिए । संरक्षित क्षेत्रमा डढेलो पुग्नु जैविक विविधता संरक्षणका दृष्टिले गम्भीर मानिन्छ । वन्यजन्तुको बासस्थान, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा यसको प्रत्यक्ष असरपर्ने गर्छ ।

वन्यजन्तु कोषका नेपाल प्रतिनिधि डा. घनश्याम गुरुङले पछिल्लो समय संरक्षित क्षेत्र आसपासका वन क्षेत्रमा देखिएका डढेलोका घटनाले वन्यजन्तु र प्राकृतिक स्रोतसाधनमा गम्भीर असर पार्न सक्ने बताउनुभयो । उहाँले यसलाई समयमै नियन्त्रण गर्न आवश्यक रहेकामा जोड दिनुभयो ।

गुरुङले भन्नुभयो, "वनमा आगलागी हुँदा मानवीय क्षति कम गर्ने उपायलाई प्राथमिकतामा राख्नुपर्छ । साथै डढेलो नियन्त्रणका लागि व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने, वन क्षेत्रमा 'फायर लाइन' विस्तार गर्नुपर्ने र स्थानीयस्तरमा तालिम तथा तयारी बढाउनुपर्ने आवश्यकता छ । पानीका स्रोतहरूको संरक्षण, आगलागी नियन्त्रणका लागि आवश्यक साधनस्रोतको व्यवस्था तथा प्रभावकारी प्रचारप्रसारमार्फत समुदायलाई सचेत बनाउनु अत्यन्त महत्त्वपूर्ण छ ।"

संरक्षित क्षेत्रमा डढेलो पुग्नुले वन्यजन्तुको बासस्थान, जैविक विविधता र पारिस्थितिक प्रणालीमा दीर्घकालीन असर पार्न सक्ने भएकाले सरोकारवाला निकायले समयमै समन्वय र प्रभावकारी व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

विभागको तथ्याङ्कअनुसार यस वर्ष पुसमा ३६, माघमा ३५ र फागुनमा ५० डढेलोका घटना अभिलेख भएका छन् । वन डढेलोका करिब ९० प्रतिशतभन्दा बढी घटना वैशाख, पुस, माघ र फागुन महिनामा केन्द्रित रहेको प्रतिवेदनले देखाएको छ ।

**तराई-चुरे र मध्यपहाडी क्षेत्र उच्च जोखिममा**

स्थानगत विश्लेषणले तराई-चुरे क्षेत्र तथा मध्यपहाडी वन क्षेत्र वन डढेलोको दृष्टिले सबैभन्दा संवेदनशील देखाएको छ । विशेष गरी सुदूरपश्चिमको तराई-चुरे क्षेत्र, चितवन-मकवानपुर वन क्षेत्र, सुर्खेत आसपासका वन क्षेत्र तथा बर्दिया-बाँके तराई क्षेत्रमा डढेलो बढी केन्द्रित भएको पाइएको छ । राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिका सदस्य कमला ओली सिवाकोटीले चुरे क्षेत्रमा सञ्चित सुख्खा इन्धन पदार्थ, लामो सुख्खा अवधि, न्यून आर्द्रता र मानव गतिविधिको वृद्धि वन डढेलो बढ्नुका प्रमुख कारण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी सरोकारवालासँग र सम्बन्धित एकाइहरूसँग समन्वय गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका छौँ, ताकि समुदायस्तरमै डढेलो रोकथामका उपायहरू बुझ्न र लागू गर्न सकुँ ।" तर, चुरेमा प्रभावकारी डढेलो नियन्त्रण कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट नहुनु मुख्य चुनौती रहेको उहाँले औँल्याउनुभयो ।

**पूर्वतयारी र समुदायको भूमिका आवश्यक**

नेपालमा अधिकांश वन क्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेकाले वन डढेलो नियन्त्रणमा स्थानीय समुदाय र वन उपभोक्ता समूहको भूमिका महत्त्वपूर्ण मानिएको छ । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले डढेलो नियन्त्रणका लागि पूर्वतयारी र व्यापक सचेतना आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार वन क्षेत्रमा इन्धन व्यवस्थापन, प्रारम्भिक चेतावनी प्रणालीको विकास तथा समुदायको सक्रिय सहभागिता बिना डढेलो नियन्त्रण प्रभावकारी हुन सक्दैन ।

गर्मी मौसम सुरु भएसँगै सम्भावित डढेलोको जोखिमलाई ध्यानमा राख्दै समुदायस्तरमा पूर्वतयारी र सूचना प्रवाहका अभियान सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । "डढेलो लाग्न सक्छ भन्ने पूर्वसूचना र खबरदारीका लागि अभियान चलाइएको छ," भण्डारीले भन्नुभयो ।

आगलागी नियन्त्रणका क्रममा जोखिमपूर्ण दुर्घटना हुन सक्ने, आगो नियन्त्रणबारे पर्याप्त जनचेतना अभाव रहेको र आवश्यक उपकरणको कमी प्रमुख समस्या रहेको उहाँले औँल्याउनुभयो ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताउनुभएको छ । उहाँका अनुसार जहाँ वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन नभएका क्षेत्रमा समस्या जटिल बन्दै गएको छ ।

उहाँले भन्नुभयो, व्यवस्थापन भएको ठाउँमा डढेलो कम हुन्छ, संरक्षण पनि राम्रो हुन्छ, र स्थानीयस्तरमा रोजगारी तथा आम्दानीका अवसर पनि बढ्छन् । तर, वन व्यवस्थापन अझै पनि राज्यको प्राथमिकतामा पर्न सकेको छैन ।" ***रासस***

# राष्ट्रपतिसमक्ष आयोगद्वारा निर्वाचन प्रतिवेदन पेस

काठमाडौँ, ५ चैत । राष्ट्रपति रामचन्द्र पौडेल समक्ष निर्वाचन आयोग नेपालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को प्रतिवेदन पेस गरेको छ । राष्ट्रपति पौडेल समक्ष राष्ट्रपति भवन शीतल निवासमा बिहीबार आयोजित कार्यक्रममा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले सो प्रतिवेदन पेस गर्नुभएको हो ।

सो अवसरमा राष्ट्रपति पौडेलले कठिन र जटिल परिस्थितिमा पनि मन, वचन र कर्मले अहोरात्र लागिपरी निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा खुसी प्रकट गर्नुभयो । उहाँले निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्षलाई धन्यवाद व्यक्त गर्नुभयो ।

*प्राप्त...*

सिंहावलोकन गर्नुपर्ने हो । कम्युनिस्ट पार्टीले वर्गमित्र र वर्गशत्रु पो चिनेन कि ? चिनेर पनि वर्ग विश्लेषण गर्न सकेन कि ?

हरेक कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टी र पुँजीवादी पार्टीको भेदबारे जनतालाई प्रस्ट पार्नुपर्छ; समाजवाद र पुँजीवादको भेदबारे सुसूचित पार्नुपर्छ । पुँजीपतिहरू कसको स्वार्थ पूरा गर्न राजनीति गर्छन् र कम्युनिस्टहरू कुन वर्गका जनताको निम्ति राजनीति गर्छन् भन्ने कुरा राम्ररी पर्गेल्नुपर्छ । यहाँ कम्युनिस्ट पार्टीभित्रै संशोधनवादी र अवसरवादीहरू देखिए । कम्युनिस्ट पार्टी भन्ने तर वर्गसङ्घर्षको कुरा नगर्ने, समाजवादी सिद्धान्तबारे चासो नराख्ने दलहरू यहाँ नभएका होइनन् । सिद्धान्त र विचार हेरफेर नभए पनि नीति, कार्यक्रम र ऐन कानुनमा हेरफेर हुनसक्छ; हेरफेर गर्नुपर्ने हुन्छ । समयअनुसार या युगअनुकूल जनताको चाहना र आवश्यकतामा अदलबदल हुनसक्छ ।

कम्युनिस्ट पार्टीहरू पुँजीवादी व्यवस्थाको सरकारमा गएर टुटफुट र बदनाम भएको देखिन्छ । पुँजीवादी सरकारभित्र पसेर कम्युनिस्ट सिद्धान्त या आचरअनुसार कुनै काम गर्न सकिएन । बरू, कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरेर कम्युनिस्टविरोधी काम गऱ्यो; देशका प्राकृतिक स्रोत र साधन विदेशी कम्पनी या विदेशी दलाललाई सुम्पिने काम गऱ्यो । कम्युनिस्ट पार्टी भन्ने दलले सरकारको नेतृत्व गरेर नेपाल र नेपालीको भन्दा विदेश र विदेशीको हितमा असमान सन्धि-सम्झौता गऱ्यो । सरकारमा गएको कम्युनिस्ट पार्टीले विदेशी शक्ति राष्ट्रको पृष्ठपोषण गऱ्यो; विदेशीलाई पनि नेपाली वंशजको आधारमा नेपाली नागरिकता दिने बाटो खुल्यो; अमेरिकी सेना भित्र्याउने गोटी चाल्यो । सरकारको नेतृत्व गर्ने नाउँमा दलले आ-आफ्नो दलको सिद्धान्त र विचार भाँचकुँच गरी भागबन्डा गऱ्यो; व्यक्तिगत र दलगत स्वार्थ पूरा गर्ने काम गऱ्यो । दलको नेतृत्व गर्ने नेताहरूको कार्यशैलीलाई आधार मानेर, गलत निर्णय गरेको आधारमा सिद्धान्त र विचार काम लागेन, कम्युनिस्टहरू खिँइदै छन् भन्न मिल्दैन ।


## हार्दिक समवेदना

जन्म
१९९९।०३।१५



निधन
२०८२।१२।०३

यस संस्थाका सदस्य तथा लिबाली गणेश पर्व पूजाका नाइके (नायो) **आसामरू फसिकव**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लिबाली गणेश जात्रा बन्दोबस्त समिति**
लिबाली-८, भक्तपुर

**आकासेपानी संकलन प्रणाली तथा लिबाली गणेश खानेपानी वितरण समिति**
लिबाली-८, भक्तपुर



## निवृत्तभरणको अधिकारपत्र हराएको सूचना

मेरो निवृत्तभरणको अधिकारपत्र (पेन्सन पत्ता) नं. १४९०८५ मिति २०८२।९।५ गते सूर्यविनायक चोकदेखि डोलेश्वर मन्दिर परिसरसम्म जाँदा हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी चौकीमा वा सम्पर्क नं.९८४१२५७८५१ मा खबर गरिदिनुहुन अनुरोध गरिन्छ ।

**नाम** : गणेशराम कोजु
**सम्पर्क नं.** : ९८४१२५७८५१



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### २०८२ फागुन मसान्तसम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पुँजी | २५,४३,२५,७००।- |
| जगेडा कोष | २७,५८,९४,६६९।- |
| अन्य कोषहरू | १,०५,५७,२४४।- |
| कुल संस्थागत पुँजी | २७,५८,९४,६६९।- |
| कुल बचत रकम | २,७०,०८,१५,२७३।- |
| ऋण लगानी | १,९४,६२,५२,०९२।- |
| कुल सम्पत्ति | ३,३७,०१,५५,६७५।- |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | ४०,७७,७४,९२१।- |
| तरलता रकम | १,२५,३७,३४,१५७।- |
| शेयर सदस्य सङ्ख्या | १७४३० |
| ऋणी सदस्य सङ्ख्या | १४७२ |
| तरलता(प्राधिकरणको मापदण्डबमोजिम) | १५.१०% |
| तरलता प्रतिशत | ४६.४२% |

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS


# युरोपेली सङ्घ (ईयू) को शिखर सम्मेलन : इरान युद्ध र युक्रेन ऋणमा केन्द्रित

ब्रसेल्स, १९ मार्च (एपी) । युरोपेली सङ्घ (ईयू) का नेताहरूले इरान युद्ध, बढ्दो ऊर्जा मूल्य, आप्रवासन सङ्कट र युद्धग्रस्त युक्रेनलाई ठुलो ऋण दिने विषयमा बिहीबार ब्रसेल्समा शिखर सम्मेलन गर्दै छन् । स्ट्रेट अफ होर्मुजजस्ता प्रमुख जलमार्गको सुरक्षा, तेल र ग्यास आपूर्तिमा बढ्दो दबाब र यसले उत्पन्न गर्ने वैश्विक आर्थिक असरले सम्मेलनलाई उच्च प्राथमिकता दिएका छन् ।

शिखर सम्मेलनमा ऊर्जा सङ्कट समाधानका उपाय, आपूर्ति मार्गको विविधीकरण र युद्धका कारण उत्पन्न वित्तीय जोखिमको व्यवस्थापनमा केन्द्रित हुने अपेक्षा गरिएको छ । एक वरिष्ठ कूटनीतिज्ञका अनुसार कुनै पनि एकल नीति २७ सदस्य राष्ट्रको व्यापक बजारमा पर्ने प्रभावलाई कम गर्न पर्याप्त नहुने भएकोले युरोपेली आयोगले नेता र कूटनीतिज्ञहरूलाई ऊर्जा मूल्य घटाउने विविध 'टूलबक्स' प्रस्तावसहित छलफलमा ल्याएको छ ।

ईयूभित्रको मतभेद पनि प्रमुख एजेन्डा बन्नेछ । हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बन र केही अन्य राष्ट्रहरूले युक्रेनलाई आवश्यक ऋण दिन ढिलाइ गरेका कारण गतिरोध रहँदै आएको छ । डिसेम्बरमा ९० अर्ब युरो (एक खर्ब चार अर्ब डलर) ऋणमा सहमति भए पनि जनवरीमा रुसी ड्रोन आक्रमण र ड्रुझबा तेल पाइपलाइन अवरुद्ध भएपछि ओर्बन पछि हट्नुभएको थियो । आगामी चुनावको तयारीमा रहनुभएका रुस समर्थक ओर्बनले ब्रसेल्स र किएभलाई आलोचना गर्दै सार्वजनिक रूपमा आक्रामक रणनीति अपनाइरहनुभएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले ऋणमा अवरोध 'पूर्णतया अनुचित' भएको र युद्धका कारण उत्पन्न बजेट सङ्कट सामना गर्न उहाँहरूको देशलाई यी कोषबाहेक विकल्प नभएको बताउनुभएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले पनि रूस विरोधी प्रतिबन्ध र युक्रेनलाई आवश्यक ऋणमा द्रुत सहमति आवश्यक रहेको भन्दै ब्रसेल्समा दृढतापूर्वक समर्थन गर्ने बताउनुभएको छ ।

यस शिखर सम्मेलनले ईयूका नेताहरूलाई ऊर्जा, सुरक्षा र वित्तीय सहयोगका संवेदनशील मुद्दामा साझा रणनीति तय गर्ने अवसर प्रदान गर्नेछ, जसले मध्यपूर्वको सङ्कट र युक्रेन युद्ध दुवैबाट उत्पन्न चुनौतीहरू सामना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।


# इरानी सुरक्षा प्रमुखको हत्या 'अस्वीकार्य' : चीन

पेइचिङ, १९ मार्च (एएफपी) । चीनले बिहीबार इजरायली हवाई आक्रमणमा इरानी राष्ट्रिय सुरक्षा प्रमुख अली लारिजानीको हत्या भएको घटनाको कडा निन्दा गर्दै यसलाई 'अस्वीकार्य' ठहर गरेको छ । पेइचिङ इरानको साझेदार भए पनि अमेरिकी सैन्य अड्डा भएका खाडी राज्यहरूमाथि तेहरानले गरेको आक्रमणको पनि आलोचना गरेको छ ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले सधैं अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोगको विरोध गरेका छौं । इरानी राज्य नेताहरूको हत्या र नागरिक लक्ष्यहरूमा आक्रमण गर्ने कार्यहरू अझ अस्वीकार्य छन् ।" उहाँले सम्बन्धित पक्षहरूलाई तत्काल सैन्य कारबाही बन्द गर्न र क्षेत्रीय स्थिति नियन्त्रण बाहिर जानबाट रोक्न आग्रह गर्नुभयो ।

फेब्रुअरी २८ मा सुरु भएको युद्धका क्रममा सर्वोच्च नेता अली खामेनी र अन्य वरिष्ठ व्यक्तिहरूको मृत्युपछि लारिजानी मारिने सबैभन्दा उच्च प्रोफाइल इरानी अधिकारी हुनुहुन्थ्यो । चीनले यस घटनापछि आफ्नो मध्यपूर्वीय विशेष दूत झाई जुनको भ्रमणलाई विशेष महत्त्व दिएको छ । उहाँले साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत र इजिप्टमा शीर्ष अधिकारीहरूलाई भेटेर युद्धमा मध्यस्थता प्रयास गरिरहनुभएको छ ।

प्रवक्ता लिनका अनुसार झाईले भ्रमणमा गैर-सैन्य लक्ष्यहरूमा आक्रमण नगर्न र ढुवानी लेनहरूको सुरक्षा सुनिश्चित गर्न जोड दिनुभएको छ । चीनले पेइचिङबाट जारी कूटनीतिक प्रयासलाई जारी राख्ने बताएको छ र इरान, लेबनान, जोर्डन र इराकमा मानवीय सहायता प्रदान गर्ने निर्णय गरेको छ ।



Source: S&P Global Commodity Insights, GIE

*युक्रेन...*

युनियनका धेरै देशले यो रकम निकासा गर्न अस्वीकार गरेका छन् । यो रकम युक्रेनी सरकारका विभिन्न तहमा रहेका नेताहरूले चोर्ने र लक्षित जनतासम्म नपुग्ने आशङ्का गर्दै उनीहरूले त्यो अस्वीकार गरेका हुन् ।

युरोपले यो ऋण फिर्ता पाउने सम्भावना पनि छ । युक्रेनमा विभिन्न राजनीतिक शक्तिबिच सत्तासङ्घर्ष चलिरहेको छ । युक्रेनी सत्ताको भाँडभैलो देखेर यो अनुमान लगाइँदै छ । युक्रेनले ऋण र ब्याज तिर्न नसक्ने जोखिम छ । यो जोखिम घटाउन युरोपसँग कुनै प्रभावकारी कानुनी संयन्त्र पनि छैन । तसर्थ, यी सबैको भार युरोपेली युनियनको बजेटमै पर्नेछ ।

सन् २०२६ मा युरोपेली युनियनले विनियोजन गरेको ऋणमध्ये २६.७ अर्ब युरो युक्रेन सरकारले आफ्नो सेनालाई तलब भत्ता दिनमा प्रयोग गर्नेछ । सन् २०२६ फेब्रुअरीसम्म युक्रेनको राष्ट्रिय ऋण २ खर्ब १३ अर्ब युरो पुगेको छ । तसर्थ, ऊर्जा क्षेत्रको पुनरुद्धारका लागि व्यवहारत: युक्रेनको बजेटमा केही छैन भन्दा हुन्छ ।

युक्रेनको अर्थतन्त्र र ऊर्जा क्षेत्र टाटपल्टाइमा छन् । युरोपेली युनियनका देशहरूबाट आयात गरिने हाइड्रोकार्बन र विद्युत्मा तीव्र वृद्धि भएको छ । उता, युरोपको ऊर्जा भण्डारमा सस्तो ग्यासको अभाव छ । यति नै बेला युक्रेनमा चरम भ्रष्टाचार छ । यस्तो परिदृश्यमा युरोपेली युनियनका देश र युक्रेनको ऊर्जाको भविष्य तथा तिनका नेताहरूको राजनीतिक भविष्य रुसको सस्तो ऊर्जा स्रोतबिना निकै अँध्यारो देखिन्छ ।

*(लेखक पत्रकार तथा अनुवादक हुन् । युक्रेन-रुस द्वन्द्वका विभिन्न पक्षलाई समेट्दै उनले लगातार कलम चलाउँदै आएका छन् ।*
*स्रोत : कोभर्ट एक्सन । सम्यक)*

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा